मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

वैभव — शनिबार ४ पृष्ठको वैभव

**वीरेन्द्र रमण** - गरिबीले आक्रान्त मधेश

**इस्तखार अंसारी** - नेपालको सन्दर्भमा जलवायु मैत्री कृषि प्रविधिहरु के – के हुन् ?

**सन्दिप पौडेल** - वैदेशिक रोजगारीमा अवैधानिक बाटो र समस्या

**अनिल यादव** - मधेशलाई सुन्दर देखाइएको एउटा दुर्लभ फिल्म

वर्ष ३ ● अंक ८३ ● २०८१ साल माघ १९ गते शनिबार ● Saturday 01, February 2025 ● सूर्योदय: बिहान ६:५१ बजे ● सूर्यास्त: साँझ ५:४७ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# शताब्दी पुरानो नारायणी अस्पताल आफैँ बिरामी ?

एक सय वर्षभन्दा पुरानो इतिहास बोकेको नारायणी अस्पतालका अधिकांश संरचना निजी क्षेत्र, उद्योगी, व्यापारी तथा स्थानीय समाजसेवीको योगदानमा निर्माण भएको हो । राज्यले अस्पतालको भौतिक संरचना स्तरोन्नति कहिल्यै प्राथमिकतामा नराखेकाले शताब्दी पुरानो अस्पतालको उपचार प्रविधि, भवन र संरचना पनि शताब्दी अघिकै भएकाले गुणस्तरीय सेवा दिन नयाँ भवनसमेत अस्पतालसँगै छैन ।






**अफरोज अर्पण**
**वीरगंज ।**
मधेश प्रदेशकै अब्बल नारायणी अस्पताल जीर्ण बन्नुका साथै पछिल्लो समय सरकारबाटै बेवास्तामा परेपछि चिकित्सक, स्वास्थ्यकर्मी र नागरिक समाजसहित स्थानीय आन्दोलित भएका छन् । शुक्रबार अस्पताल परिसरमा चिकित्सकसहित स्वास्थ्यकर्मीले सङ्घर्ष समिति बनाएर पोशाकमै धर्ना दिए । उनीहरुले पुरानो संरचना भूकम्पीय दृष्टिले जोखिमयुक्त रहेको र सरकार गम्भीर नबनेकामा कामै गर्न कठिन भएको बताए । यो त्यही अस्पताल हो, जहाँ पर्सा, बारा, मकवानपुर, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा तथा छिमेकी देश भारतका नागरिकसहित ३० लाखले बर्सेनी सेवा लिइरहेका छन् ।

नेपाल चिकित्सक सङ्घका केन्द्रीय उपाध्यक्ष एवम् मधेश प्रदेश अध्यक्ष डा. नीरज कुमार सिंहले नारायणी अस्पतालको दयनीय अवस्था हुनुमा सरकारको लापरबाही भएको बताए । 'अस्पतालको भवन जीर्ण भइसकेको छ, चिकित्सकहरू ज्यानकै बाजी लगाएर बिरामीको उपचार गरिरहेका छन्,' उनले भने, 'जीर्ण भवनमा काम गर्नु चिकित्सक र बिरामीका लागि जोखिम हो ।' उनले भवन पुनर्निर्माणको काम जरुरी भएको बताए ।

सिंहले भने, 'लाखौँ जनतालाई उपचार सेवा प्रदान गरिरहेको अस्पतालमा आधारभूत पूर्वाधार अभाव रहेकाले आधुनिक स्वास्थ्य सेवा प्रदान गर्न सकिएको छैन र बिरामीलाई अन्यत्र पठाउनुपर्ने बाध्यता छ ।'

सरकारले नारायणी अस्पताललाई आर्थिक वर्ष २०७४–७५ मा पाँच सय शैय्याको अस्पताल निर्माण गर्ने योजना बनाएको थियो । १ अर्ब ५५ करोड रुपैयाँ लागतमा भवन निर्माणका लागि टेन्डर प्रक्रिया पनि अघि बढाइएको थियो । तर अनेक कानूनी जटिलताका कारण अस्पतालको भवन पुनर्निर्माण रोकिएको हो ।

ललितपुरको एनडिइ–भिसिपिआई–एसए सएनसी कम्पनीले टेन्डर पाएकोमा कर सङ्कलन प्रक्रियामा देखिएको त्रुटिका कारण शहरी विकास तथा भवन निर्माण विभाग र ठेकेदार कम्पनीबीच कानूनी जटिलता उत्पन्न भएपछि भवन निर्माणको काम नै प्रभावित भएको हो । विवाद बढेर मुद्दा अदालतमा विचाराधीन भएकाले अस्पतालको भवन निर्माण रोकिएको छ भने पुरानो भवनमा काम गर्नु आफ्नै ज्यान हत्केलामा राखेजस्तै हुने गरेको छ ।

अस्पतालको संरचना जीर्ण छ, दरबन्दी अनुसार चिकित्सक छैनन् । पुरानो प्रविधिका उपकरणका कारण बिरामीले गुणस्तरीय सेवा पाउन सकेका छैनन् । अस्पतालमा बिरामीलाई साँच्चै भन्ने हो भने सजाय दिएजस्तो हुने गरेको छ । बिरामीको सर्जरी पनि पुरानो प्रविधिबाट गरिनु पर्ने भएकाले जटिल रोगका बिरामीको उपचार गर्ने कि काठमाडौँ वा भारत पठाउने भन्नेबारे चिकित्सकले सिफारिस गर्नु पर्ने बाध्यता छ ।

अस्पतालको यो दूरावस्था सुधार्न सरकारको ध्यानाकर्षण गराउन चिकित्सकहरू नै आन्दोलित छन् । उनीहरुले नारायणी अस्पताल सुधारका लागि नेपालकै पहिलो राजमार्ग त्रिभुवन राजपथ अवरुद्ध गरेका छन् । नारायणी अस्पताल अगाडि धर्ना बसेर सरकारलाई गम्भीर हुन संकेत गरेका छन् ।

एक सय वर्षभन्दा पुरानो इतिहास बोकेको नारायणी अस्पतालका अधिकांश संरचना निजी क्षेत्र, उद्योगी, व्यापारी तथा स्थानीय समाजसेवीको योगदानमा निर्माण भएको हो । राज्यले अस्पतालको भौतिक संरचना स्तरोन्नति कहिल्यै प्राथमिकतामा नराखेकाले शताब्दी पुरानो अस्पतालको उपचार प्रविधि, भवन र संरचना पनि शताब्दी अघिकै भएकाले गुणस्तरीय सेवा दिन नयाँ भवनसमेत अस्पतालसँगै छैन । नेपालकै जेठो अस्पताल वीर अस्पतालसँगै स्थापना भएको नारायणी अस्पतालमा सरकारी र विकास समितिका तर्फबाट ३ सय सैया सञ्चालनमा छ ।

## सुरक्षित र आधुनिक भवन बनाउन दबाब दिऔँ



–डा. निरज सिंह
नारायणी अस्पतालका कार्यरत चिकित्सक

नारायणी अस्पतालको इतिहास वीर अस्पतालको स्थापनासँग गाँसिएको छ । नेपालका पूर्वराजा पृथ्वी वीरविक्रम शाहका पालामा काठमाडौँ उपत्यकाका लागि वीर अस्पताल स्थापना गर्ने निर्णयसँगै उपत्यका बाहिरका नागरिकको स्वास्थ्य सेवाका लागि वीरगंजमा अस्पताल खोल्ने हुकुम भएअनुसार नारायणी अस्पताल स्थापना भएको हो । पुराना र कमजोर संरचनामा अस्पताल सञ्चालन गर्नु अत्यन्त दुःखद र खतरापूर्ण हुन्छ । कुनै ठूला प्राकृतिक विपत्ति आए नारायणी अस्पतालकै कारण ठूलो मानवीय क्षति हुने डर छ । तत्काल नयाँ भवन निर्माणमा तीव्रता दिन जरुरी छ । अदालतमा रहेको टेन्डर विवाद समाधान गर्दै नयाँ पाँच सय शैय्याको भवन निर्माण थालिनु पर्छ । भौतिक पूर्वाधारमा सुधार गरेर अस्पतालमा मेडिकल उपकरण, आधुनिक अपरेशन थिएटर, आइसियु र प्रसूति सेवाका सुविधा थप्न जरुरी छ । यस्तै, स्वास्थ्यकर्मीको संख्या बढाएर विशेषज्ञ डाक्टर, नर्स तथा दक्ष प्राविधिक थपिनु पर्छ । अस्पतालमा भूकम्प प्रतिरोधी संरचना निर्माण गरेर वर्तमान जीर्ण भवनका ठाउँमा आधुनिक र सुरक्षित संरचना निर्माण अपरिहार्य छ । राजनीतिक दबाब र नागरिक जागरण जरुरी छ ता कि, नारायणी अस्पतालको स्तरोन्नतिमा सरकारलाई दबाब पुगोस् ।

# उद्योगमा आगलागी साढे सात करोडको क्षति



**मधेशदृष्टि**
**सर्लाही ।**
ईश्वरपुर नगरपालिका–७ स्थित ब्रह्मस्थानमा रहेको हिमालयन पोली नेपाल प्लास्टिक झोला उद्योगमा भीषण आगलागी भएको छ । विद्युत् सर्ट भएर भएको आगलागीले उद्योग पूर्णरूपमा नष्ट भएको छ । आगलागीले उद्योगसँगै रहेको घरधनी नेत्रबहादुर कार्कीको घर पनि पूर्ण रूपमा नष्ट भएको छ भने छिमेकी नवलकिशोर साहको घरमा आंशिक क्षति पुगेको छ ।

उद्योग सञ्चालन गरिरहेका रामछविला साहले कार्कीको घर भाडामा लिएर प्लास्टिक झोला उत्पादन गर्दै आएका थिए । साहका अनुसार आगलागीका कारण सम्पूर्ण उपकरण, तयारी सामान, कच्चा पदार्थलगायत उद्योगका सबै सामग्री नष्ट भएको छ । प्रारम्भिक अनुमानअनुसार आगलागीबाट ७ करोड ५० लाख रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको दाबी गरिएको छ ।

स्थानीय, प्रहरी, सशस्त्र प्रहरी र हरिवन तथा मलङ्गवा नगरपालिकाका वारुणयन्त्रको सक्रियतामा करिब साढे दुई घण्टापछि आगो नियन्त्रणमा ल्याइएको थियो । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी उपरीक्षक दीपक श्रेष्ठले आगलागीको कारण प्रारम्भिक रुपमा विद्युत् सर्ट रहेको जनाउँदै थप अनुसन्धान भइरहेको जानकारी दिए ।

# धनौजीमा विपन्नलाई १५ घर बन्ने



**१५ मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको धनौजी गाउँपालिका, ह्याबिट्याट फर ह्युम्यानिटी इन्टरनेशनल नेपाल र रतौली युवा क्लबबीच सुरक्षित आवास कार्यक्रम अन्तर्गत गाउँपालिका अध्यक्ष आवास परियोजना सञ्चालनका लागि त्रिपक्षीय सम्झौता भएको छ । सम्झौतामा भूमिहीन दलित, जनजाति र अति विपन्न परिवारका लागि सुरक्षित आवास निर्माण गरिनेछ । परियोजनाअन्तर्गत धनौजी गाउँपालिकाको वडा नम्बर ३ मा १५ घरपरिवारका लागि घर निर्माण गरिनेछ । भूमिहीन सुकुम्बासी, दलित, जनजाति र अति विपन्न परिवारको आवश्यकता र सुरक्षालाई ध्यानमा राखेर कार्यक्रम प्रारम्भ गरिएको हो । बाटो, बिजुली, खानेपानी र शौचालयसहितको सुरक्षित र व्यवस्थित आवासका लागि काम हुने बताइएको छ ।

धनौजी गाउँपालिकाले सुकुम्बासीका हकमा भूमि उपलब्ध गराएको छ भने ह्याबिट्याट फर ह्युम्यानिटीले आवास निर्माणका लागि प्राविधिक र आर्थिक सहयोग गर्नेछ । रतौली युवा क्लबले स्थानीय समुदायको सहकार्यमा परियोजना सञ्चालनमा सहयोग गर्नेछ । सम्झौता अनुसार परियोजना मिति वि सं २०८१ माघ महिना १८ गते तदनुसार ई. सं. २०२५ जनवरी ३१ बाट लागु भई वि.सं. २०८२ अषाढ ३१ गते तदनुसार ई. सं. २०२५ जुलाई १५ सम्म कायम रहे तापनि बैशाख मसान्त सम्म योजना सकाउने लक्ष्य रहेको छ । यो सम्झौता पत्रमा धनौजी गाउँपालिकाको तर्फबाट अध्यक्ष राजकुमार यादव, ह्याविट्याट फर ह्युम्यानिटी नेपालको तर्फबाट राष्ट्रिय निर्देशक एलिजा स्थापित र रतौली युवा क्लबको तर्फबाट अध्यक्ष साकिर खानले हस्ताक्षर गरेका छन्

# देश अँध्यारो सुरुङमार्गमा प्रवेशः साह

**मधेशदृष्टि**
**काठमाडौँ ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीले दुई तिहाईको बलमा संसदको हुर्मत लिएको टिप्पणी गरेका छन् । ओलीलाई संसदमाथि विश्वास नभएको बताउँदै उनले अध्यादेशमार्फत मुलुक अगाडि बढ्न नसक्ने बताए ।

शुक्रबारबाट शुरु भएको संसदको हिउँदे अधिवेशनअन्तर्गत प्रतिनिधिसभाको पहिलो बैठकलाई सम्बोधन गर्दै साहले सरकारले जनादेशविपरीत काम गरिहेको बताए । लोकतन्त्र र जनताको हितविपरीत काम गरिरहेको सरकार पूर्णरुपमा असफल भएको उनको तर्क छ । 'प्रधानमन्त्रीले भन्नुभयो, यो संसद्ले कामै गरेन । म सोध्न चाहन्छु–संसद्को सबै पद त तपाईंहरुले बाँडफाँट गर्नुभयो, तपाईंहरुले आफ्नो पकेटबाट सभामुख, उपसभामुख बनाउनुभयो, सांसदहरुको भागबण्डा पनि तपाईंहरुले लगाउनुभयो, दुई तिहाईको उपस्थिति पनि तपाईंहरुकै छ, अनि संसद्ले काम गरेन भनेर यहाँ आएर संसद्को हुर्मत लिनुहुन्छ ? यो मिल्छ कि मिल्दैन नैतिकताले ? म सोध्न चाहन्छु,' साहले भने ।

अहिलेको सरकारको जन्म नै मध्यरातमा भएकाले नेपाली समाज अन्धकारमा परेको टिप्पणी समेत साहले गरे । उनले अहिलेको सरकारले अँध्यारो सुरूङ्गमार्गमा देशलाई छिराउने काम गरेको आरोप लगाए । उनले विपरीत पक्षहरु मिलेर बनेको सरकारलाई लोकतन्त्र भनिन्छ र भन्दै प्रधानमन्त्रीलाई प्रश्न सोधे । उनले भने, 'विधि र विधानलाई नमान्ने सरकारलाई लोकतन्त्र भन्न मिल्छ ? संसद्बाट डराउनेलाई लोकतन्त्र भन्छ ? अध्यादेशको बाटोबाट हिँड्नेलाई लोकतन्त्र भन्छ ? तपाईं कस्तो लोकतन्त्रको अभ्यास गर्दै हुनुहुन्छ ?' उनले प्रधानमन्त्री ओलीलाई क्याबिनेटका निर्णयमाथि भ्रष्टाचारको छानबिनका लागि किन तयार नभएको भनेर प्रश्न गरे । उनले अहिले भ्रष्टाचार दिनदिनै बढिरहेको बताए । प्रधानमन्त्री ओलीको नाम जोडिएका विभिन्न भ्रष्टाचारका काण्डको छानबिन गर्न पनि उनले माग गरे । उनले अहिलेको सरकार बलियो भएको भए प्रधानमन्त्रीले किन सरकार ढल्दैन भनेर हप्तैपिच्छे भाषण गर्नुपर्यो र यति महिनापछि सरकार छोड्छु भन्नुपर्यो भन्दै प्रश्न गरे । उनले यो सरकार गठन भएपछि अन्तर्राष्ट्रिय सम्बन्ध पूरै बिथोलिएको आरोप लगाए । भ्रष्टाचार बढदै गइरहेको बताउदै उनले गिरीबन्धु टि–स्टिट, वाइडबडी, नक्कली भुटानी शरणार्थीलगायतका भ्रष्टाचारमा प्रधानमन्त्रीकै नाम जोडिए पनि छानबिन किन नभएको भन्दै प्रश्न गरे ।



पूर्वराजाको पूजापाठः भारत भ्रमणमा रहेका पूर्वराजा ज्ञानेन्द्र शाह श्रीमती कोमलसहित शुक्रबार उत्तर प्रदेशको गोरखनाथ मन्दिर पुगेर पूजाअर्चनामा सरिक भएका छन् ।

# विपद् जोखिम न्यूनीकरणबारे अभिमुखिकरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा विद्यालयको सहकार्यमा विद्यार्थी तथा शिक्षकलाई विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखिकरण तथा प्रयोगात्मक अभ्यास गरिएको छ ।
दलान नेपालले जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २४ बसहियास्थित गोगल प्रसाद नमुना माविमा अध्ययनरत कक्षा ९, १०, ११, १२ र डिप्लोमाका विद्यार्थीलगायत शिक्षकको उपस्थितिमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखिकरण तथा प्रयोगात्मक अभ्यास कार्यक्रम गरेको हो । ८० जनाको सहभागिता रहेको कार्यक्रममा विपद् आइहाले पूर्वतयारी गर्ने बानी नरहेकाले अभिमुखिकरण तथा प्रयोगात्मक अभ्यास गराउँदा हरेक विद्यार्थीको मानसपटलमा पूर्वतयारी महत्वपूर्ण रहेकाले आफू र समुदायलाई विपद् आइपरेका बेला सम्भावित क्षति न्यूनीकरणमा टेवा पुर्याउन मदत पुग्ने दलान नेपालका कार्यकारी निर्देशक धर्मानन्द ठाकुरले बताए ।
गोगल प्रसाद नमूना मावि बसहियामा नमूना विद्यालय भए पनि आगलागीबाट बच्न पूर्वतयारीस्वरुप अग्निसमक यन्त्र नरहेकाले विद्यालय र दलान नेपालको सहजीहरणमा अभिमुखिकरणपश्चात् अग्निसमक यन्त्र जडान गरिएको प्रअ महाविर दासले बताए ।
दलान नेपालका कार्यकारी निर्देशक ठाकुरका अनुसार विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखिकरण अभियानकै रुपमा धनुषा र महोत्तरीका सामुदायिक विद्यालय निरन्तर गरिने छ ।

# आजदेखि जसपा नेपालको बैठक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको केन्द्रीय कार्यकारिणी समितिको दुईदिने बैठक आज शनिबारदेखि काठमाडौँको बालकुमारीमा हुँदैछ । आज बिहान ११ बजे बस्ने बैठक आइतबारसम्म चल्ने पार्टी अध्यक्ष उपेन्द्र यादवको सचिवालयले जनाएको छ ।
बैठकमा समसामयिक राष्ट्रिय राजनीतिक बिषयसहित पार्टीको संगठनात्मक कार्यदिशाबारे छलफल र करिब ६ महिनादेखि पार्टीले सञ्चालन गर्दै आएको 'जनतासँग जसपा नेपाल, सङ्गठन निर्माण अभियान' को समीक्षा हुने बताइएको छ ।
यसअघिको बैठकले केन्द्रदेखि वडास्तरसम्म जारी संगठन निर्माण अभियान कार्यकर्ता र जनतामाझ अत्यन्तै लोकप्रिय, प्रभावकारी र उत्साहजनक रहेको निष्कर्ष निकाल्दै पुस र माघ मसान्तसम्मका लागि अभियानको समयावधि थप गरेको थियो । कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरुलाई तोकिएको जिम्मेवारी अनुसार आआफ्नो कार्यक्षेत्रअन्तर्गत भए गरेका कार्य प्रगति विवरणको लिखित प्रतिवेदनसहित बैठकमा अनिवार्य उपस्थित हुन भनिएको छ । मधेश केन्द्रित दलहरु संयुक्त मोर्चा बनाएर सडकदेखि सदनसम्म संघर्ष गर्ने अन्तिम तयारी गरिरहेको बेला यसबारे पनि जसपा नेपालको कार्यकारिणी बैठकमा छलफल हुने बताइएको छ ।

# शोक प्रस्ताव पारित बैठक २४ गते

**काठमाडौँ ।**
प्रतिनिसभाको शुक्रबारको बैठकले पूर्वसभामुख दमननाथ ढुङ्गाना, संविधानसभा सदस्य अब्दुल हमिद सिद्धिकी, पूर्वसांसदहरू प्रेमलाल सिंह (पिएल सिंह) र रामजीप्रसाद शर्माको निधनप्रति शोक प्रकट गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ ।
पूर्वसभामुख ढुङ्गानाको मङ्सिर २ गते ८३ वर्षको उमेरमा निधन भएको थियो । त्यस्तै, संविधानसभा सदस्य सिद्धिकीको मङ्सिर ३ गते ६० वर्षको उमेरमा र पूर्वसांसद पिएल सिंहको पुस १ गते ८८ वर्षको उमेरमा निधन भएको थियो । यस्तै, संविधानसभा सदस्यसमेत रहेका शर्माको माघ ७ गते ६७ वर्षको उमेरमा निधन भएको थियो । सभाले शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गरेको छ । सभाले तीन जना सांसदको संसदीय समितिमा जिम्मेवारी थप तथा हेरफेर गरेको छ । सांसद रञ्जिता श्रेष्ठलाई कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा जिम्मेवारी तोकिएको छ । सांसद कल्पना चौधरीलाई पूर्वाधार विकास समितिबाट अर्थ समिति र सांसद दुर्लभ थापालाई उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट अर्थ समितिमा जिम्मेवारी तोकिएको छ ।
प्रतिनिसभाको अर्को बैठक माघ २४ गते दिउँसो १ बजे बस्नेछ । रासस

# भगवान बचतको साधारणसभा




**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भगवान बचत तथा ऋण सहकारी संस्थाको १२औँ साधारणसभा जनकपुरधाममा सुजितकुमार झाको अध्यक्षतामा भएको छ । प्रमुख अतिथि अध्यक्ष निर्मलकुमार चौधरीले संस्थाले गरिब तथा सर्वसाधारण वर्गलाई सस्तो ऋण उपलब्ध गराएर कल्याणकारी काम गरेको बताए । कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टीका संस्थापक सदस्य तथा हिन्दी भाषाका अभियन्ता रमन पाण्डेले श्रीमान्, छोरा वा आफैँले कमाएको पैसा संस्थामा लगानी गर्दा निश्चित समयमा राम्रो रकम प्राप्त गर्न सकिने बताए । सभामा सहकारीको आम्दानी र व्यय प्रस्तुत गरिएको थियो । कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय सदस्य सञ्जयकुमार सिंह, नेपाल औषधि व्यवसायी संघ धनुषाका अध्यक्ष प्रमोदकुमार अग्रवाल, रामकृपाल साहलगायतको उपस्थिति थियो ।

# मधेशमा एचपिभी खोपको सम्पूर्ण तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
माघ २२ गतेदेखि क्यान्सरविरुद्ध किशोरीलाई दिइने खोप अभियानको मधेश प्रदेशमा सम्पूर्ण तयारी पूरा भएको छ । मधेश प्रदेश स्वास्थ्य निर्देशनालयले पाठेघरमा लाग्ने क्यान्सर रोगका कारणले नेपालमा २४ घण्टामा ४ जना महिलाको मृत्यु भइरहेको बेलामा सञ्चालन हुन लागेको खोप कार्यक्रम क्यान्सर रोगलाई नियन्त्रण गर्न महत्वपूर्ण हुने जनाएको छ । १० वर्षदेखि १४ वर्षका सबै किशोरीलाई खोप दिन लागिएकाले खोप लिन सबैमा अनुरोध गरिएको छ । खोपसहित आवश्यक सामग्री मधेश प्रदेशका सबै जिल्लामा पठाउने काम भइसकेको छ । मधेश प्रदेशका जिल्लामा ३ हजार ३ सय २५ सामुदायिक तथा संस्थागत विद्यालय र विद्यालय बाहिरका ३ लाख ६९ हजार १ सय २४ किशोरीलाई पाठेघरमा लाग्ने क्यान्सर रोगविरुद्ध एचपिभी खोप दिन लागिएको हो । पहिलो पटक नेपालभर एक साथ १० वर्ष देखि १४ वर्षका किशोरीलाई दिन थालिएको खोप पूर्णरुपमा सुरक्षित तथा ९८ देखि १०० प्रतिशतसम्म प्रभावकारी भएकाले निर्धक्क भएर खोप लगाउन आग्रह गरिएको छ ।

# सहकारी अध्यादेशका केही बुँदा संशोधन गर्न माग

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले हालै जारी गरेको 'सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश' को स्वागत गर्दै यसमा भएका केही बुँदा संशोधन गर्न सरकारसँग माग गरेको छ ।
ललितपुर च्यासलस्थित एमालेको केन्द्रीय कार्यालयमा शुक्रबार एमाले केन्द्रीय सहकारी तथा गरिबी निवारण विभागले गरेको पत्रकार सम्मेलनमा विभागका प्रमुख खगराज अधिकारीले अध्यादेशमा रहेका केही बुँदाले सहकारीका आधारभूत मान्यता र सदस्यको नैसर्गिक अधिकारसमेत कुण्ठित हुनेगरी देखिएकाले प्रतिस्थापन विधेयकमार्फत संशोधन गर्नुपर्ने बताए ।
उनले अध्यादेशमा समावेश भएका केही विषयले सहकारी क्षेत्रको वृद्धि र विकास, सदस्यको सुरक्षा, सुशासन प्रवद्र्धन, प्रभावकारी सञ्चालन र व्यवस्थापकीय कुशलतामा बाधा पुग्ने प्रावधानले सहकारी क्षेत्रलाई संविधानको मर्मअनुसार सञ्चालन गर्न नसकिने स्थिति सिर्जना भएको बताए ।
'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था कार्य क्षेत्रका आधारमा व्यक्तिगत बचतको सीमा निर्धारण गर्दा सहकारी सदस्यको आफ्नो सम्पत्ति व्यवस्थापनका लागि छनोटको अधिकार कुण्ठित हुने र वित्तीय समावेशीकरणको आधारभूत मान्यता प्रतिकूल असर पर्ने देखिन्छ,' विभागका प्रमुख अधिकारीले पत्रकार सम्मेलनमा भने । विभागले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सस्थाका सञ्चालक पदमा दुई कार्यकालभन्दा बढी निर्वाचित वा बहाल रहन नसक्ने व्यवस्थाले संस्थाका गतिशीलतामा अवरोध सृजना गर्ने र तल्लो तहको नेतृत्व माथिल्लो तहमा प्रतिनिधित्व गर्न रोक लगाउने प्रावधानले नेतृत्व विकास र नेतृत्वको कुशल व्यवस्थापनमा मात्र समस्या सृजना हुने नभई प्रतिनिधिको चुन्ने र चुनिने अधिकारसमेत निषेध हुने देखिने गरेको उनले बताए । विभाग प्रमुख अधिकारीले विश्व सहकारी अभियानको आधारभूत मान्यता र नेपालको संविधानको मुख्य व्यवस्थाको प्रतिकूल हुनेगरी कुनै पनि कानुनी व्यवस्था नल्याउन सरकारसँग आग्रह गरे । रासस




# काठमाडौंलाई हराउँदै जनकपुर बन्यो नेपाल कबड्डी लिगको च्याम्पियन




**मधेशदृष्टि**
**काठमाडौं ।**
काठमाडौं म्याभरिक्सलाई चार अंकले पराजित गर्दै जनकपुर नाइट्स केबी साम नेपाल कबड्डी लिग (एनकेएल) को च्याम्पियन बनेको छ ।
शुक्रबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्डहलमा सम्पन्न फाइनल खेलमा जनकपुरले काठमाडौं म्याभरिक्सलाई ४५–४१ को नतिजामा पराजित गर्यो । रेडबाट जनकपुरले १९ र काठमाडौंले १० अंक प्राप्त गरे ।
डिफेन्समा जनकपुरले १३ र काठमाडौंले ११ अंक थपे । यसैगरी जनकपुरले ३ अलआउटबाट ६ अंक प्राप्त गर्दा काठमाडौंले १ अल आउटबाट २ अंक हासिल गर्यो ।
बोनसबाट काठमाडौंले १८ र जनकपुरले ७ अंक हासिल गरे । जनकपुर अपराजित रहँदै च्याम्पियन बन्यो । जनकपुर पहिलो क्वालिफायरमा तथा काठमाडौं दोस्रो क्वालिफयरमा विराटनगर ब्यान्डिट्सलाई हराउँदै फाइलन पुगेका थिए ।

# इन्धनको मूल्यवृद्धि

**मधेशदेष्टि**
**जनकपुरधाम ।**
नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । शुक्रबार बसेको निगम सञ्चालक समितिको बैठकले पेट्रोलियम पदार्थको मूल्य बढाएको हो । शुक्रबार इण्डियन आयल कर्पोरेशनबाट नयाँ मूल्य बढेर आएपछि नेपालमा पनि शनिबार बिहान १ बजेदेखि लागू हुने गरी मूल्य बढाइएको हो । निगमका अनुसार पेट्रोलमा प्रतिलिटर २ र डिजेल–मट्टितेलमा ४ रुपैयाँ मूल्य बढेको छ । यस्तै, हवाई इन्धन आन्तरिकतर्फ प्रतिलिटर ६ र अन्तर्राष्ट्रियतर्फ काठमाडौँका लागि प्रतिलिटर ४३ डलरका दरले बढाइएको छ । यस्तै, पोखरा र भैरहवाका लागि ब्रेक इभन पोइन्टमा बिक्री मूल्य कायम गरिएको निगमले जनाएको छ । अब पेट्रोलको मूल्य पहिलो वर्गमा १६४.५०, दोस्रोमा १६६ र तेस्रोमा १६७ रुपैयाँ प्रतिलिटर भएको छ । त्यस्तै, डिजेल–मट्टितेलको मूल्य पहिलो वर्गमा १५७.५०, दोस्रोमा १५९ र तेस्रोमा १६० रुपैयाँ कायम भएको छ ।

# गरिबीले आक्रान्त मधेश



वीरेन्द्र रमण

शिक्षा सीपको विकास र लागनीको अवस्थाहरु कस्तो छ यसबाट के कस्ता समुदायले लाभ पाईरहेका छन वा उनिहरुको त्यसलाई प्रयोगमा ल्याईरहेका छन वा छैन त्यो एउटा विन्दुगत रुपमा लिन सकिन्छ । अर्को तर्फ सबै भन्दा प्रमुख समस्या शिक्षा हो आज पनि मधेसमा गरिबका छोरा छोरीहरु विद्यालय जान सकेका छैन उनीहरुलाई कुसरी विद्यालय सम्म पुर्याउने यस विषयमा कहिलेपनि ठोस रुपमा वहसहरु भएन जसले गर्दा समस्याहरु पहिला जस्तै थियो अहिलेपनि उस्तै रहेको छ । अर्थात निति निर्माणगर्नेहरुको सोचमा नै परिवर्तनको आवश्यकता रहेको छ । आज सरकारले समाजिक सुरक्षाका कार्यहरु गरिरहेका छन ती समाज सुरक्षाबाट के कति लाभको अवस्था छ त्यसको समेत कहिले छलफल भएन जसले गर्दा समेत समस्याहरु देखिएको छ। अर्थात सरकारले गरिबी घटाउन जुन रुपमा प्रयासहरु गर्नु पथ्यो त्यसमा कतै न कतै कमजोरीको अवस्था रहेको छ तीनै कमजोरीको कारणले गर्दा समस्याहरु आएको छ। आज समाजमा परिवर्तन भन्दा पनि समाजमा देखिएको विषमताहरुलाई हटाउनको लागि ठोस पहलाको अवश्यकता रहेको छ। ती पहलहरु भएको खण्डमा समस्याहरु विस्तारै घटदै जाने छन। त्यसकारणले नितिगत रुपमा नै यसमा सुधारको खाँचो रहेको छ।

समाज विधिताबाट नै निर्माण भएको छ । समाज भनेको मानवहरूको एक समूह हो, जसले आपसमा विभिन्न सम्बन्धहरू, सापेक्षता, र अन्तक्रि्रया साझा गर्छन् ।तरमा विविधता समेत रहेको रहेको छ। तीनै विधिताले समाजलाई सुन्दर समेत बनाएको हुन्छ। विधिता पुर्ण समाजले नै एक अर्कालाई बलियो सुत्रमा समेत गांसेको हुन्छ। जुन समाजमा विधिता हुदैन त्यो समाज बलियो समेत हुन सक्दैन । त्यसकारणले गर्दा बलियो समाज निर्माणको लागि विधिता समेत एउटा सुत्रको रुपमा रहेको छ । समाजमा मानिसहरूबीचको सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक, र राजनीतिक सम्बन्धहरूले एउटा निश्चित संरचना र प्रणाली निर्माण गर्छ । जुन प्रणालीले एक अर्कालाई एक सुत्रामा बाधेको हुन्छ । समाज एक किसिमको सामूहिक जीवन हो जहाँ व्यक्ति र समूहहरू आफ्ना आवश्यकता, इच्छा, र उद्देश्यहरू पूरा गर्न एकअर्कासँग सहकार्य गर्छन्।

समाजमा मानिसहरूबीचको अन्तक्रि्रया, साझा मान्यता, मूल्य, र नियमहरूको महत्त्वपूर्ण भूमिका हुन्छ। समाजको विकास संस्कार, परम्परा, र मूल्य प्रणालीद्वारा निर्देशित हुन्छ, र यसले व्यक्तिहरूलाई सामूहिक रूपमा बाँच्न, एकअर्कासँग सहयोग गर्न, र साझा समस्याहरूको समाधान गर्न सक्षम बनाउँछ। राम्रो समाजमा विभिन्न खालको व्यक्तिहरुको समेत बसोवास हुने गरेको छ। जुले समाजलाई अगाडि बढाउने कार्यहरु गरेका छन। समाजमा कोही धनि हुनछ भने कोही गरिब। मधेसमा समेत विधिता पुर्ण समाज रहेको छ। जसमा गरिब धनि समेत रहेका छन् । तर मधेशमा जुन व्यक्ति तल्लो तहका रहेका छन ती व्यक्तिहरु बढि गरिब रहेका छन।

गरिबी भनेको कुनै व्यक्तिको वा समूहको आधारभूत आवश्यकता जस्तै खाना, कपडा, आवास, शिक्षा, र स्वास्थ्य सेवाको अभावको स्थिति हो । जुन समाजमा शिक्षाको अवस्था कमजोर हुन्छ त्यो समाजमा गरिबीको अवस्था समेत उच्च रहने गरेको छ। जुन समाजमा शिक्षाको स्तरमा वृद्धि हुन्छ त्यो समाजमा गरिबी समेत कम हुन्छ । अर्थात गरिबी घटाउन एउटा सुत्र समेत गरिबी रहेको छ। गरिबीमा रहेका व्यक्तिहरूले आफू र आफ्नो परिवारको जीवनस्तरलाई न्यूनतम स्तरमा पनि कायम राख्न कठिनाइको सामना गर्छन्। यो आर्थिक, सामाजिक, र सांस्कृतिक असमानताको प्रतिफल हो, जसले मानिसहरूलाई समाजमा अवरुद्ध र हाशियामा राख्दछ। जसले समाजलाई विभाजन सम्म ल्याउने गरेको छ। गरिबीलाई साधारणतया दुई किसिमले परिभाषित गर्न सकिन्छः

**सापेक्ष गरिबीः** यसमा व्यक्ति वा परिवारको आय र सम्पत्ति समाजको औसत आयभन्दा कम हुन्छ, जसले उनीहरूलाई समाजको साधन र सेवामा पहुँच प्राप्त गर्न असक्षम बनाउँछ।

**पूर्ण गरिबीः** यसमा व्यक्तिको आधारभूत जीवनयापनका लागि आवश्यक वस्तुहरूको अभाव हुन्छ, जस्तै खाना, सफा पानी, स्वास्थ्य सेवा, र सुरक्षित आवास।

गरिबीको परिणामस्वरूप व्यक्तिहरू शिक्षा, स्वास्थ्य, र आर्थिक अवसरबाट वञ्चित हुन्छन्, जसले उनीहरूको दीर्घकालीन जीवनयापनमा ठूलो असर पु¥याउँछ। मधेशमा दुवै खालको गरिब रहेका छन् र सापेक्ष गरिब समेत रहेका छन भने पुर्ण गरिब समेत रहेका छन । यसको प्रमरख कारणहरुलाई खोत्लने हो भने एउटा समस्या के देखिएको छ भने राज्य श्रोतको वितरण नै भन्ने हो भने असमान छन। असमान वितरणले नै समस्याहरु ल्याएको देखिएको छ। तीनै कारणले आज समाजलाई मात्रै बाटेको छैन समाजमा देखिएको खाडललाई समेत बढाएको छ । तीनै खाडलको कारणले समाजमा विभाजन ल्याएको समेत अवस्था छ । किन भने मधेशमा देखिएको प्रमुख समस्याहरु मध्ये गरिबी पनि हो यसको कारण भने समाजमा देखिएको जातिय समस्या रहेको छ। समाजमा रहेको निम्न वर्गहरुलाई समाजको मुल प्रवाहीकरणमा आउनै दिएन उनिहरुको मानिसकतामा के छिराइयो तिमि गरिब हो तिमिलाई आफनो जिवन यापन यसरी नै गर्नु पर्छ जसरी गर्दै आएको छौ उनिहरुको सन्तानहरु कहिलेपनि शिक्षाको पहुच हुन पाएन । जसको फलःस्वरुप उनिहरु आज देखि नै पुरापुर्वकाल देखि



गरिब बन्दै आएका छन। मानौ उनिहरुको परम्परा नै हो।

गरिबी बहुआयामिक विषय क्षेत्र समेट्ने तथा विकास प्रक्रियालाई चुनौती दिने विषय हो। यसलाई निरपेक्ष र बहुआयामिक रूपमा मापन गर्ने गरिन्छ। सबै नेपालीको आधारभूत आवश्यकता परिपूर्ति भई मर्यादित तथा सम्मानजनक जीवनयापन गर्नसक्ने अवस्थाको परिकल्पना नेपालको संविधानले गरेको छ । संविधानको संघ र प्रदेशको साझा





अधिकारअन्तर्गत गरिवी निवारण र औद्योगीकरण छ भने संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारअन्तर्गत गरिवी निवारणलाई समेटेको छ। दिगो विकास लक्ष्यअन्तर्गत सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने लक्ष्य रहेको छ। साथै नेपालको दीर्घकालीन सोच २१०० मा निरपेक्ष गरिबीको अन्त्य तथा वहुआयामिक गरिबीलाई ३ प्रतिशतमा सीमित गर्ने लक्ष्य राखिएको छ ।यसको लागि सरकारले केही नितिहरुको समेत निर्माण गरेको अवस्था रहेको छ।

चौथो जीवनस्तर सर्वेक्षण अनुसार आ.व. २०७९÷८० मा सालाखाला प्रतिव्यक्ति प्रतिदिन २२३६ किलोक्यालोरी आवश्यक पर्ने र सोको लागि खाद्य तथा गैरखाद्य वापत प्रतिवर्ष प्रतिव्यक्ति रु.७२ हजार ९ सय ८ लाई गरिवीको नयाँ आधार रेखा निर्धारण भई नेपालको गरिबीको दर २०.२७ प्रतिशत हुँदा मधेश प्रदेशको गरिबीको दर २२.५३ प्रतिशत (सहरी गरिवी २१.७१ प्रतिशत र ग्रामीण गरिवी (२४.९६ प्रतिशत) रहेको जुन राष्ट्रिय गरिवीभन्दा उच्च हो। यसैगरी नेपाल मानव विकास सूचकाङ्क २०२० अनुसार मधेश प्रदेशको मानव विकास सूचकाङ्क ०.५१० र लैङ्गिक विकास सूचकाङ्ग ०.७८६ रहेको छ जुन अन्य प्रदेशको तुलनामा सबैभन्दा कमजोर हो । नेपालले अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्यलगायतका विश्वव्यापी साझेदारीलाई मध्यनजर गर्दै गरिवी निवारणलाई प्राथमिकता दिँदै आइरहेको छ। प्रदेश स्थापना कालदेखि नै मधेश प्रदेशले पनि गरिवी निवारणलाई प्राथमिकता दिँदै आएको छ।

मधेसको समाज विधिताले भरिएर रहेको कारणले गर्दा नै यस खालको समस्याहरु आएको देख्न सकिन्छ । जसकारणले समाजमा एक खालको विधिता देखिएको छ। तीनै विधिताको कारणले समाजमा गरिबी समेत उस्तै रहेको छ। ती गरिबहरुको राज्यको साधन श्रोतमा पहुँच नभएको कारणले गर्दा नै अहिलेको अवस्था रहेको छ। राज्यको नितिमा विषमताको अवस्था देखिएको छ । जसले गर्दा समाजमा एक प्रकारले समस्याहरु देखिएको छ । राज्यले कहिलपनि समाजको ती तप्काको अवस्था कुझेर अर्थात उनिहरुको नितिगत सुधारमा पहल नगरेको कारणले गर्दा नै समस्याहरु आएको देखिएको छ । तीनै समस्याहरुको कारणले आज समाजमा एक प्रकारले भन्ने हो भने विषमता र खाडल रहेको छ। तर हामीले आफनो नितिमा केही सुधारले मात्रै हैन कि यसमा देखिएको समस्याहरुलाई समाधान गरेर अगाडि गयौ भने पक्कै पनि सुधारको अवस्थाहरु आउन सकिन्छ ।वा भनौ ती समुदायको अवस्थामा सुधार ल्याउन सकिन्छ।

प्रदेशको मुख्य अर्थतन्त्रको आधार कृषि हो। यहाँ उब्जाउशील प्रशस्त कृषियोग्य भूमि रहेको छ । छिमेकी देशसँग खुला सिमाना ठुलो भूभाग जोडिएको यस प्रदेशमा उद्योग धन्दाले पनि प्रदेश अर्थतन्त्रको महत्वपूर्ण हिस्सा ओगटेको छ। यहाँ ऐतिहासिक सांस्कृतिक पर्यटन विकास र विस्तारको पनि अवसर रहेको छ। राष्ट्रिय, प्रादेशिक र स्थानीय सडक पूर्वाधारको अन्तर आवद्ध राम्रो हुनु, समथर भूभाग भएकाले सडक यातायातको सहज पहुँच हुनु, रेल तथा हवाइ यातायातको पहुँच हुनु, जनघनत्व जनसख्याको अन्य प्रदेशको तुलनामा बढी हुनु, आयात, निर्यातका मुख्य नाका यसै प्रदेशमा हुनु, तीनै तहका सरकारले गरिबी निवारणलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु आदि गरिवी निवारणका लागि अवसर र सवल पक्ष रहेको छ।

गरिवी लक्षित कार्यक्रमहरू विपन्न, महिला, पिछडिएका तथा वञ्चितीकरणमा परेका वर्ग तथा क्षेत्र लगायतका लक्षित वर्गमा केन्द्रि हुन नसक्नु, गरिवको पहिचानका आधारमा गरिबीलाई सम्बोधनको प्रयास कमजोर हुनु, गरिब लक्षित रोजगारीका कार्यक्रम कमजोर कार्यान्वयन हुनु, कृषियोग्य भूमिमा पर्याप्त सिँचाइको व्यवस्था हुन नसक्दा व्यावसायिक कृषिको विस्तार हुन नसक् प्रदेशबाट सबैभन्दा धेरै युवा जनशक्तिको अनुपस्थितिले उत्पादन, उत्पादकत्व र उपभोगमा असर हुनु तथा परनिर्भरता बढ्दा मूल वृद्धि हुनु, हरेक वर्ष दोहोरिने विपद्का कारणले गरिबी बढाउन योगदान गर्नु, प्रदेशको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको मात्र बढी हुँदा अर्थतन्त्रको दिगो विकास हुन नसक्नु, छिमेकी देशको तुलनामा नेपाली कृषकहरूको प्रतिस्पर्धी क्षमता कमजोर हुनु उत्पादनले बजार पाउन नसक्नु, जनचेतनाको कमी तथा सामाजिक रूपमा हानिकारक प्रचलन अत्यन्त बढी हुनु, विद्यालय छोड्न दर उच्च हुनु आदि प्रमुख समस्याका रूपमा रहेका छन्।

खास गरेर गरिबी घटाउनको लागि सरकारको नितिगत सुधारको आवश्यकता रहेको छ। नितिगत सुधार भएको खण्डमा देखिएको समस्याहरुलाई तत्काल सुधार गर्न सकिने अवस्थाहरु रहेको छ।

वैभव मधेशदृष्टि
२०८१ साल माघ १९ गते शनिबार
Saturday 01, February 2025

# नेपालको सन्दर्भमा जलवायु मैत्री कृषि प्रविधिहरु के – के हुन् ?



इस्तखार अंसारी

जलवायु परिवर्तन अहिलेको जल्दोबल्दो विषय बनेको छ । यसले विश्वव्यापी रूपमा समस्याहरू उत्पन्न गरेको छ जसले गर्दा विकासोन्मुख देशको कृषि क्षेत्रमा नराम्रो असर परेको छ । जलवायु परिवर्तनले गर्दा देखापर्ने अनेक वातावरणीय परिवर्तनहरू जस्तैः– गर्मीयाममा लामो समयसम्म सुक्खा र खडेरी, वर्षायाममा अतिवृष्टिका कारण बाढी, डुबान तथा पहिरो र भूमण्डलीय उष्णीकरण (Global Warming) छ । यसले गर्दा हाम्रा रैथाने बाली नालीका जातहरू तथा पशुपंक्षीहरूले पहिलेको जति उत्पादन दिन सकेका छैनन् तसर्थ जलवायु परिवर्तन सँगै कृषिमा अनुकूलता ल्याउनु पर्ने मुख्य चुनौती रहेको छ । पर्याप्त स्रोत साधनहरूका अभावमा विकासोन्मुख देशका किसानहरूमा जलवायु परिवर्तनबाट कृषिमा देखा पर्ने समस्यासंग लड्न सक्ने क्षमता विकसित राष्ट्रका तुलनामा न्यून हुन्छ । त्यसैले हाम्रो जस्तो मुलुकमा कृषिका लागि अबको दिशा भनेको एकै साथ जलवायु परिवर्तन न्यूनीकरण गर्नु, जलवायु परिवर्तनका असरबाट कृषिमा हुने क्षतिलाई कम गर्नका साथै बढ्दो जनसंख्यालाई मध्यनजर गर्दै कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने देखिन्छ । जलवायु परिवर्तनका नकारात्मक असरलाई कम गरी अनुकूलनका उपायहरू अपनाउनका लागि जलवायु मैत्री कृषि प्रविधि तथा असल अभ्यासहरूको प्रवद्र्धन एक विकल्प हो ।

जलवायु मैत्री कृषि भन्नाले यस्तो कृषि प्रणाली हो जस मार्फत जलवायु परिवर्तनका असरहरू कम गर्नका लागि अनुकूलनका उपायहरू अवलम्बन गर्दै हरितगृह ग्याँसहरूको उत्सर्जनलाई कम अथवा पूर्ण रूपमा हटाई खाद्य सुरक्षालाई टेवा पुर्याउन सकिन्छ । यस्ता प्रविधिहरूले जलवायु परिवर्तनका नकारात्मक असरहरूबाट कृषिलाई बचाउनाका साथै कृषि उत्पादनलाई दिगो रूपमा बढ़ाउन पहल गरी खाद्य सुरक्षालाई टेवा पुर्याउन मद्दत गर्दछ ।

**जलवायु मैत्री कृषिका उपलब्धिहरूः–**

१. उपादकत्वमा वृद्धि
२. कुल आयमा वृद्धि
३. उत्पादन सामाग्रीको प्रयोग र प्रभावकारितामा सुधार
४. हरित गृह ग्याँस उत्सर्जनमा कमी
५. उत्थानशीलता बढ्ने
६. लैंगिक तथा समाजिक समावेशीकरणमा वृद्धि

नेपालका लागि उपयुक्त हुने प्रमुख जलवायू मैत्री कृषि प्रविधिहरु निम्न प्रकारका छन्ः–

**१. मिश्रित खेति प्रणाली**
मिश्रित खेति अपनाउँदा धेरै प्रकारका बाली हुने हुँदा जलवायु परिवर्तनका नकारात्मक असरले कुनै एक बालीको उत्पादन घटे वा नोक्सान भए पनि अन्य बालीको उत्पादन लिन सकिन्छ । मिश्रित खेतीमा तुलनात्मक रूपमा रोग तथा कीरा कम लाग्दछन् । यसले गर्दा रासायनिक विषादीको प्रयोगमा कमी ल्याउँछ । यसरी रासायनिक विषादीको कम प्रयोगले वायुमण्डलमा हरितगृह ग्यासको उत्सर्जनमा कमी ल्याउँदछ । यस पद्धतिले माटोको उर्वराशक्ति कायम राख्न मद्दत गर्दछ र अनुकूलन भई खेती गर्नका लागि सहज बनाउँदछ । यसरी यस खेती पद्धतिले उत्पादन जलवायु अनुकूलन हुन सहयोगी भूमिका निर्वाह गर्दछ ।

**२. बाली तथा पशुपन्छी बीमा**
यसले कृषकको समानुकूलन हुने क्षमतामा सहयोग पुग्दछ । जलवायु परिवर्तनका असरले गर्दा किसानको बालीनाली तथा पशुपंछी पालनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव परिरहेको देख्न सकिन्छ । मौसम प्रतिकूल भई बालीनाली नष्ट हुने देखि लिएर पशुपंछी अपाङ्ग अथवा मर्ने सम्मको क्षतिपूर्ति बीमाका माध्यमबाट हुने भएकाले कृषि तथा पशुपंछी बीमाको अभ्यास उचित देखिन्छ ।

**३. जलवायू अनुकूलित बालीका जातहरु**
नेपालका पुराना बालीहरू जस्तैः– लट्टे, फापर, कोदो, चिनो, कागुनो, जौ आदिको खेती सीमान्तकृत जग्गामा पनि गर्न सकिने, जसको खेती गर्दा रासायनिक मल दिन नपर्ने र झारपात तथा रोग कीरा मार्नका लागि पनि रासायनिक विषादीको प्रयोग गरिरहन नपर्ने भएकाले यस्ता बालीको प्रयोगले वातावरण प्रदुषण रोक्ने गरेको पाइन्छ । यसका साथै यी बालीहरूमा मानव स्वास्थका लागि चाहिने अत्यावश्यक पोषक तत्त्वहरू पर्याप्त मात्रामा हुन्छन् जसले गर्दा मानव स्वास्थ्य थप राम्रो हुन्छ । त्यस्तै गरी मानिसले प्रयोग गर्ने खाद्य बालीहरूका पुराना जात हरूलाई नै वैज्ञानिक ढङ्गबाट छानेर अथवा क्रस गरेर विकसित गरिएका नयाँ जातहरू सजिलै संग बदलिंदो जलवायु सहन सक्ने तथा राम्रो उत्पादन दिन सक्ने हुन्छन् । त्यसैले यस्ता जातहरू प्रयोग गर्दा जलवायु परिवर्तनका असरले कृषि उत्पादनमा खासै फरक पर्दैन र समग्र कृषि जलवायु अनुकूल हुँदै जान्छ ।

**४. सौर्य उर्जामा आधारित सिँचाइ**
सौर्य ऊर्जामा आधारित सिंचाइ प्रणाली एक जलवायु मैत्री प्रविधि हो । यस प्रविधिलाई कृषि क्षेत्रमा विशेषतः सिंचाइका लागि प्रयोग गरिने डिजेल पम्पको विकल्पका रूपमा लिन सकिन्छ । यसले वातावरणमा नकारात्मक असर गर्दैन त्यसैले यो पर्यावरण मैत्री प्रविधिका रूपमा चिनिन्छ । यसको प्रयोगले हरितगृह ग्यासको उत्सर्जनमा कमी ल्याउन मद्धत गर्दछ । यस प्रविधिले सुक्खा भएका स्थानमा वर्षभरि पानीको उपलब्धता कायम गर्दछ र किसानहरूले समयमै सजिलैसँग खेती गर्न सक्दछन् । समयमा नै पानी उपलब्ध हुने हुनाले यसले खाद्यान्न तथा तरकारी बालीमा उत्पादन बढाउन मद्दत पुर्याउँदछ । साथै बहुवर्षीय उत्पादनले खाद्य सुरक्षामा टेवा पुग्दछ । यस सौर्य ऊर्जामा आधारित सिँंचाइ प्रणाली नवीकरणीय ऊर्जा अर्थात् सौर्य ऊर्जाबाट चल्ने हुँदा जलवायु परिवर्तनका नकारात्मक असरसँग अनुकूल भई दिगो रूपमा चल्न मद्दत गर्दछ ।

**५. लिफ कलर चार्ट**
लिफ कलर चार्टको प्रयोगले जलवायु परिवर्तनका नकारात्मक असरसँग जुध्न सकिन्छ । यसको प्रयोगले युरिया लगायतका नाइट्रोजन युक्त रासायनिक मलको अत्यधिक प्रयोगमा कमी ल्याई हरितगृह ग्यास उत्सर्जनमा न्यूनीकरण गर्न मद्दत गर्दछ। त्यसै गरी यसको प्रयोगबाट रासायनिक मलको प्रयोगमा हुने खर्च कम भई कुल लागतमा कमी आउँदछ । फलस्वरूप मलको प्रयोग उपयुक्त समय र मात्रामा हुने भएकाले बालीको उत्पादन बढ्छ र खाद्य सुरक्षामा योगदान गर्दछ ।

**६. धान खेतमा हाँस पालन**
धानखेतमा हाँस पालन गर्दा धानको उत्पादन वृद्धि भई धान खेतबाट हुने मिथेनको उत्सर्जनलाई न्यूनीकरण गर्नमा सहयोग गर्छ । यस प्रविधिमा धानको बीउको कम मात्रामा प्रयोग हुन्छ । प्रति कट्ठामा ४०० देखि ५०० ग्राम बीउ पर्याप्त हुन्छ जसले उत्पादन लागत कम गर्दछ । प्राङ्गारिक मलको प्रयोग हने हँुदा रासायनिक मलको प्रयोग गर्न आवश्यक हूँदैन । यसले गर्दा माटोमा भएका सूक्ष्म जीवाणुलाई हानि हुँदैन भने रासायनिक मलको प्रयोगबाट हुने हरितगृह ग्यासमा पनि कमी हुन्छ । धानमा लाग्ने हानिकारक कीरालाई हाँसले खाइ दिने भएकाले रासायनिक विषादी प्रयोग गर्नु नपर्ने हुँदा पारिस्थितिक प्रणालीमा नकारात्मक असर पर्दैन र पर्यावरण अनुकूल हुने हुँदा जलवायू परिवर्तन रोक्न यसले थप टेवा पुर्याउँछ । यसरी यस किसिमको खेती प्रविधिले जलवायू परिवर्तन रोक्नमा भूमिका निर्वाह गरिरहेको छ । यो प्रविधि महिला, वातावरण तथा पर्यावरण मैत्री प्रविधि पनि हो ।

**७. शून्य र न्युनतम खनजोत प्रविधि**
शुन्य खनजोत प्रविधि एक जलवायु मैत्री प्रविधि हो । यस प्रविधिबाट माटोमा कार्बन सञ्चितिकरण हुन्छ र कार्बनको मात्रा बढ्दछ । यसले गर्दा जलवायु परिवर्तनका प्रमुख कारक तत्त्व कार्बनडाइअक्साइड ग्यासको मात्रा वायुमण्डलमा कम हुन्छ र जलवायु परिवर्तन न्यूनीकरणमा टेवा पुग्दछ । यस प्रविधिको अवलम्बन गर्दा माटोमा सूक्ष्म जीवहरूको कृयाकलाप बढेर जान्छ । शुन्य खनजोत प्रविधिबाट खेती गर्दा माटोमा हावा कम खेल्ने हुनाले अक्सिजनको मात्रा कम हुन गई नाइट्रस अक्साइड र मिथेन जस्ता ग्यासको उत्सर्जनमा पनि कमी आउँदछ । शुन्य खनजोत प्रविधिले जमिनको माथिल्लो भागको माटोलाई पानी पर्दा अथवा अन्य कुनै कारण जस्तैः– बाढीबाट बग्न नदिएर बचाएर राखी जलवायु परिवर्तनको नकारत्मक असर सित जुध्न पनि मद्दत गर्दछ । यस प्रविधिको प्रयोगले मातोमा रहेका बालीका अवशेषहरू जमिन मै कुहिएर जाने हुँदा माटोमा प्राङ्गारिक पदार्थको प्रवद्र्धन हुन्छ जसले माटोको गुणस्तरमा योगदान पुर्याउँदछ र सिंचाइबाट उपलब्ध गराइएको पानी सजिलोसँग माटोमा चल्न पाउँदछ । यस प्रविधिले खेती गर्दा लाग्ने इन्धनको पनि न्यूनीकरण गर्दछ । यसरी माटोमा पानीको सञ्चार राम्रो हूँदा माटोका डल्लाहरू बन्दछन् र माटोलाई बाढीका बेला बग्नबाट बच्न मद्दत पुग्दछ भने सिंचाइको लागि पानीको मात्रा पनि कम लाग्दछ ।



**८. छापोको प्रयोग**
जलवायू परिवर्तनले गर्दा तापक्रम बढ़दै गईरहेको छ जसले गर्दा माटोमा रहेको चिस्यान कम हुँदै जान्छ र बिरुवालाई छिटो–छिटो सिंचाइ गर्नू पर्दछ । छापोको प्रयोग गर्दा यसले माटोलाई प्रत्यक्ष घामबाट जोगाई चिस्यान कायम राख्दछ र सिंचाइको मात्रा कम गर्दछ । यसले माटोलाई अधिक तातो वा अधिक चिसो हुन नदिने भएकाले माटोमा सूक्ष्म जीवाणुहरूको क्रियाकलापमा वृद्धि विकासले माटोलाई उर्वर बनाउँदछ । माटोमा सूक्ष्म जीवाणुहरू सक्रिय हुँदा छापोका रूपमा प्रयोग भएका बालीका अवशेषहरू छिटो–छिटो कुहिंदै जान्छन् र माटोमा प्राङ्गारिक पदार्थ थपिन्छ । यसले सुक्खा याममा अनुकूलन हुन मद्दत गर्दछ । यसरी प्राङ्गारिक पदार्थको वृद्धि सँगै माटोमा आवश्यक पर्ने खाद्य तत्वको मात्रा बढ़दै जान्छ जसले गर्दा रासायनिक मल र विषादीको प्रयोगमा पनि कमी आउँछ। फलस्वरूप यसबाट हुन सक्ने हरित गृह ग्यास उत्सर्जनमा कमी ल्याउन सकिन्छ । जलवायु परिवर्तनका असरले गर्दा पानी पर्ने क्रममा परिवर्तन भइरहेको छ । समयमा पानी नपर्ने र परेका बेला ठुलो पानी पर्ने गरेको छ जसले गर्दा जमिनको माथिल्लो तहमा रहेको प्राङ्गारिक पदार्थ युक्त माटो बगेर जाने समस्या छापोको प्रयोगबाट न्यूनीकरण गर्न सकिन्छ ।

**९. सामुदायिक बीउ बैंक**
जलवायु परिवर्तनको नकारात्मक असरले गर्दा विभिन्न बालीनालीहरूको नाश हुने, माटोको उर्वरा शक्तिमा कमी हुने, नयाँ–नयाँ किसिमका रोग कीराको आगमन तथा स्थानीय जातहरू लोप हुने क्रम बढि रहेको छ । यस्ता असरले कृषिमा उत्पादन तथा उत्पादकत्व घट्दै गईरहेको छ ।यस्तो विकराल अवस्थामा सामुदायिक बीउ बैंकले स्थानीय जातहरूलाई लोप हुनबाट बचाउनाका साथै कृषकहरूलाई विभिन्न किसिमका जलवायु अनुकूल स्थानीय तथा उन्नत जातका बीउबिजन सुलभ रूपमा उपलब्ध गराउँदछ । त्यसैगरी संरक्षित स्थानीय बालीनालीका जातहरूलाई उन्नत जातहरूको तुलनामा कम स्रोतसाधनको (जस्तैः– मल, विषादी) आवश्यकता हुन्छ । यसले गर्दा हरितगृह ग्यासको उत्सर्जनमा कमी ल्याउन मद्दत गर्दछ ।

सामुदायिक बीउ बैंकमा संरक्षण गरिएका जातहरू मध्ये रोग कीरा सहन सक्ने, सुक्खा÷खडेरी सहन सक्ने तथा डुबान सहन सक्ने आदि गुण भएका स्थानीय जातहरू छनोट गरी तिनीहरूको वैज्ञानिक अनुसन्धान गरेर जलवायु परिवर्तनसँग जुध्न सक्ने नयाँ जातहरूको विकास गर्न सकिन्छ । तसर्थ यस्ता तरिकाबाट सामुदायिक बीउ बैंकका माध्यमबाट जलवायु परिवर्तनको असरमा कमी ल्याई अनुकूलनमा टेवा पुग्दछ । साथै सामुदायिक बीउ बैकले किसानलाई गुणस्तरीय तथा उन्नत बीउको पहुँचमा ल्याउनाका साथै किसानलाई कृषिसम्बन्धी नयाँ र प्रभावकारी प्रविधि विस्तार गर्ने हुनाले उत्पादन वृद्धि गरी खाद्य सुरक्षामा टेवा पुर्याउन मद्दत गर्दछ ।

**१०. संरक्षण तथा पानी पुनः भण्डारण गर्न पोखरी निर्माण**
जलवायु परिवर्तनका कारणले अनियमित वर्षा हुँदा सिंचाइको असुविधा हुने भएकाले किसानहरूलाई खेती गर्न समस्या भईरहेको छ । यसका साथै पानीका मुहानहरू पनि सुक्दै गएका देखिन्छन् । उपयुक्त सिंचाइको सुविधा नहुँदा बेलैमा बाली लगाउन नपाउने, सुक्खा याममा खेतीयोग्य जमिन बाँझो छोड़नु पर्ने समस्याहरू छन् । तसर्थ यस प्रविधिले अत्यधिक पानी भएको क्षेत्र र वर्षाका समयमा परेको पानी सङ्कलन गरी अभावका बेला त्यस्ता क्षेत्रमा पानीको सदुपयोग गर्नका निम्ति महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसले गर्दा माटोमा चिस्यान कायम रहन्छ र बालीको वृद्धि विकासमा सहयोग पुग्दछ । फलस्वरूप उत्पादन बढ़ाउन मद्दत गरी खाद्य सुरक्षामा टेवा पुर्याउँदछ ।

**११. पानीको मुहान संरक्षण**
पानीका स्रोतहरूको उचित व्यवस्थापन गर्नाले खडेरी, अनियमित तथा भारी वर्षा जस्ता जलवायु जन्य जोखिमबाट सुजना हने पानीको अभावलाई व्यवस्थापन गर्न सकिन्छ । यस प्रविधिले विशेष गरी सुक्खा क्षेत्रमा भएका पानीका स्रोतहरूलाई सही ढङ्गले संरक्षण गरी नियमित रूपमा पानीको उपलब्धता बढ़ाउन मद्दत गर्दछ । तसर्थ सुक्खा याममा पनि सिंचाइको व्यवस्था गर्नाले खेती गरी कृषि उत्पादन बढ़ाउन सकिन्छ । यसले अनुकूलनमा टेवा पुर्याउँछ । त्यसै गरी यस प्रविधिमा मुहानको वरिपरि हरियाली कायम गर्ने तथा पानीको रिचार्ज प्रणाली सुधार गरिने हुँदा पानीका विभिन्न मूलमा पानीको मात्रा बढाउन सहयोग पुग्दछ । यसले गर्दा प्रदूषण कम हुने तथा पानी संकलनमा लाग्ने समयको बचत हुने गर्दछ ।

**१२. बगर खेती**
बगर खेती मार्फत वायुमण्डलमा बढ्दो कार्बनलाई माटोमा स्थिरीकरण गर्न सहयोग पुग्छ जसलेगर्दा केही हदसम्म जलवायु परिवर्तनको न्यूनीकरणमा सहयोग पुग्छ । बगर खेती गर्दा खडेरी एवं सुक्खा याममा पनि सिंचाइको प्रचुर सुविधा हुने तथा प्राङ्गारिक पदार्थको पनि राम्रो सदुपयोग हुने हुँदा यो प्रविधि जलवायु अनुकूल तथा जलवायु मैत्री हुन्छ । बाढीबाट क्षति भएको र नियमित खेती नगरिने जग्गामा पनि खेती गरी कृषि–उत्पादन बढ़ाउन सकिन्छ जसले खाद्य सुरक्षामा टेवा पुर्याउँछ । विशेष गरी तराईमा बाढीबाट क्षति भएका नदी किनारहरूमा बगर खेती मार्फत जीविकोपार्जनमा सुधार ल्याउन सकिन्छ ।

**१३. थोपा सिँचाइ**
थोपा सिंचाइ प्रविधि विशेषतः पहाडी क्षेत्रमा बढी उपयुक्त हुन्छ यद्यपि तराई क्षेत्रमा पनि बोटबिरूवालाई वर्षाबाट जोगाउनका लागि यसको प्रयोग भएको पाइन्छ । यो प्रविधि खुल्ला स्थान तथा प्लास्टिक टनेल भित्र जडान गर्न सकिन्छ । यो प्रविधि आवश्यकतानुसार घर बगैचा तथा व्यवसायिक रूपमा तरकारी खेती गर्नका निम्ति अवलम्बन गर्न सकिन्छ । यस प्रविधिलाई प्लास्टिक घरसँग प्याकेजका रूपमा जडान गरी विभिन्न बालीहरु जस्तैः– टमाटर, खुर्सानी, लहरे बाली, काउली आदि लगाउन सकिन्छ । थोपा सिंचाइ प्रविधि जडान गर्नका निम्ति विभिन्न किसिमका सामग्रीहरुको आवश्यकता पर्दछ जस्तैः– ट्याङ्की, पम्प युनिट, कन्ट्रोल हेड, मेन लाइन, सब–मेन लाइन, लेटरल, ड्रीपर आदि । यसमा एउटा प्रमुख पाइपका साथै अन्य सहायक पाइपहरु जोडिएका हुन्छन् । मेन, सब–मेन लाइन, लेटरल पाइपहरुलाई माटोमुनि राख्नु पर्दछ किनभने यिनीहरू घामका प्रकाशबाट छिट्टै बिग्रने सम्भावना बढी हुन्छ । अन्त्यमा ती सबै लाईनहरू ट्याङ्कीसँग जोडिन्छन् र पानीको आवश्यकतानुसार प्रयोग गरिन्छ ।

**१४. महिला मैत्री कृषि औजार**
जलवायु मैत्री कृषि प्रविधिका तीन वटा खम्बाहरू (अनुकूलन, न्यूनीकरण तथा खाद्य सुरक्षा) छन् । यस अन्तर्गत लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई अन्तर सम्बन्धी बिषयमा राखिएको छ। यस सन्दर्भमा महिलामैत्री औजारको प्रयोगले जलवायु परिवर्तनका असरलाई कम गर्न मद्दत मिल्छ। ज्याब प्लान्टरको प्रयोग गरी कम जोताइ गरेर यस औजारको प्रयोग गर्न सकिन्छ । यसले गर्दा ट्याक्टरको जोताई कम हुने र हरित गृह ग्यासको उत्सर्जनमा कमी हुन्छ । यसको प्रयोगले बीउको उमारशक्ति बढने र बालीको वृद्धि विकास राम्रो भई उत्पादन बढ्छ । कोदो चुट्ने विद्युतीय मेसिनको प्रयोगबाट वातावरण प्रदूषणमा कमी आउँछ ।

**१५. पशुपन्छीको दाना व्यवस्थापन**
कृषि क्षेत्रबाट १८ प्रतिशत जलवायु परिवर्तनमा योगदान रहेको छ । त्यस अन्तर्गत पशु क्षेत्रबाट ४५ प्रतिशत योगदान भइरहेको छ । यो योगदान भनेको दाना उत्पादन गर्ने कम्पनी र यसको ओसारपसारमा प्रयोग हुने इन्धनबाट हुन्छ । कुनै एक प्रकारको मात्र प्रोटिनयुक्त दाना अथवा शक्ति युक्त दाना उपलब्ध गराउँदा खर्च व्यवस्थापन गर्न गार्हो हुन्छ । साथै दानाको मात्रा पनि बढ़ी लाग्दछ भने दिइएको दाना पशुले राम्रोसँग पचाउन नसक्दा तिनीहरूका गोबरबाट आउने विभिन्न हरितगृह ग्यास जस्तैः– मिथेन र नाइट्रस अक्साइडको उत्सर्जन बढ़ी हुन जान्छ । मिथेन र नाइट्रस अक्साइड ग्यासहरू जलवायु परिवर्तनमा सहयोग पुर्याउने प्रमुख ग्यासहरू हुन् । त्यसकारणले पशुलाई सन्तुलन मिलाएर दाना उपलब्ध गराउन सकेमा यी ग्यासहरूको उत्सर्जनमा कमी ल्याउन सकिन्छ । त्यसै गरी आवश्यक सम्पूर्ण सामग्री मिलाएर दाना उपलब्ध गराउँदा घाँसको पनि बचत हुन्छ जसले गर्दा वन विनाश रोकिन्छ र चौरहरूमा घाँस रहिरहन्छ जसबाट कार्बन सञ्चिति हुन्छ । सन्तुलित मात्रामा उचित व्यवस्थापन गरी पशु वस्तुलाई दाना उपलब्ध गराउँदा उनीहरूको वृद्धि विकास राम्रो भई उत्पादनमा टेवा पुग्दछ र खाद्य सुरक्षा सुनिश्चित हुन्छ । तसर्थ कृषकहरूलाई आफ्नो घरमा रहेका पशुका लागि आवश्यक पर्ने दाना घरमा नै तयार गर्न सिकाई यसबाट हुने जलवायु परिवर्तनका असर कम गर्न सकिन्छ ।

**१६. जलवायू अनुकूलित बगैंचा**
घर बगैंचाका अधिकांश क्षेत्र बार्है महिना ढाकिने तरिकाले बाली लगाइने हुनाले माटोमा पोषक तत्त्व तथा पानी नाश हुने क्रम अन्य ठाउँका भन्दा कम हुन्छ । यस क्षेत्रमा बाली लगाउने बेलामा कृषकले मौसम परिवर्तन अनुसार अनुकूलित हुने गरी समयमा हेरफेर गरी बढ़ी उत्पादन लिन सक्दछन् । घर बगैंचामा मिश्रित तथा घुसुवा बालीले प्राथमिकता पाउँदछ जसले गर्दा प्रतिकूल समयमा पनि कुनै न कुनै बालीबाट उत्पादन लिन सकिन्छ । मिश्रित तथा तहगत प्रणालीबाट खेती गरिने भएकाले यस पद्धतिमा प्रति एकाइ जमिनबाट बढ़ी उत्पादन हुन्छ। यस पद्धतिमा विशेष गरी रैथाने बालीहरूलाई प्राथमिकता दिने र यस्ता बालीमा रासायनिक मल तथा विषादीको प्रयोग नगण्य हुने भएकाले उत्पादित बाली स्वस्थकर हुन्छ । फलस्वरूप हरितगृह ग्यासको उत्सर्जनमा कमी ल्याउन मद्दत गरी पारिवारिक पोषणको सुनिश्चतता गर्दछ ।

१७. भूक्ष्य नियन्त्रणका लागि जैविक तटबन्ध
जैविक तटबन्ध प्रविधिले बाढी र पहिरोसँग अनुकूलनका लागि मद्दत पुग्दछ । यस प्रविधिबाट कृषि भूमिमा बाढी पस्ने र पुग्ने खतरा एकदमै न्यून हुन्छ भने पहिरो गएका स्थानमा थप पहिरो जाने खतरा कम हुन्छ । यस प्रविधिमा लगाइएका बहुवर्षीय वनस्पतिहरूले कार्बन सञ्चिति र अन्य जीविकोपार्जनका फाइदाहरू (जस्तैः दाउरा, घाँस, फलफूल) हुन्छन् । यस प्रविधिमा वृक्षारोपण सँगै तटबन्ध अपनाउनाले भिरालो जमिनको स्थायित्व कायम हुनाका साथै कृषियोग्य भूमि तथा जलाधार क्षेत्रको पनि संरक्षण हुन्छ । वन पैदावारको आपूर्ति देखि लिएर जैविक विविधताको संरक्षण तथा प्रवर्धन समेत हुन्छ ।

**१८. पशुपन्छीका लागि जलवायू अनुकुल गोठ/खोर**
अनुसन्धान अनुसार वायुमण्डलमा हुने हरितगृह ग्यास मध्ये करिब १८ प्रतिशत घरपालुवा पशुपंछीबाट उत्सर्जन हुने गर्दछ । तसर्थ पुरानो तौरतरिकाबाट पशुपंछी पालन गर्दा वातावरण पनि प्रदूषण हुने तथा पशुपंछीमा पनि जलवायु परिवर्तनको असर देखिन जाने हुनाले पशुपक्षीको उत्पादन तथा उत्पादकत्वमा कमी आउने गरेको देखिन्छ । तसर्थ जलवायु अनुकूल पशुपालनले पशुपंछीको मलमूत्रको उचित व्यवस्थापन गर्ने हुँदा वातावरणमा हरितगृह ग्यास उत्सर्जनमा कमी गर्नाका साथै पशुपंछीको स्वास्थ्य पनि राम्रो हुन्छ । खोर तथा गोठमा मौसम अनुकुल प्रयोग गर्ने सोलार तथा विद्युतीय भेन्टिलेटरले पशुपक्षीलाई अत्यधिक बढदो तापक्रमबाट बचाई उत्पादकत्व बढ़ाउन मद्दत गर्दछ ।

**निष्कर्षः**
जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न जलवायु मैत्री कृषि प्रविधिहरू अवलम्बन गर्नु अत्यावश्यक छ। यी प्रविधिहरूले माटोको उर्वराशक्ति जोगाउने, पानीको सही व्यवस्थापन गर्ने, उत्पादन वृद्धि गर्ने, जैविक विविधता संरक्षण गर्ने, र कृषकहरूको आर्थिक अवस्थामा सुधार ल्याउने महत्वपूर्ण भूमिका खेल्छन्। साथै, वातावरणमैत्री कृषि अभ्यासले हरितगृह ग्यास उत्सर्जन घटाउन मद्दत गर्दै दीर्घकालीन खाद्य सुरक्षाको आधारशीला तयार गर्छ। त्यसैले, वातावरणीय सन्तुलन कायम राख्दै दिगो कृषि प्रणाली सुनिश्चित गर्न जलवायु अनुकूल कृषि प्रविधिहरूको प्रयोग अनिवार्य छ ।

(वीरगंज स्थायी घर भएका अंसारी, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, कृषि विज्ञान संकाय टीकापुर कैलालीमा अध्ययनरत छन्)

# वैदेशिक रोजगारीमा अवैधानिक बाटो र समस्या



• सन्दिप पौडेल

> “ रोजगारीको खोजीमा अवैधानिक बाटो प्रयोग गरि विदेश जाने युवाको संख्या लगातार बढेसँगै उतै ज्यान गुमाउनेको संख्या पनि बर्सेनि बढ्दै गएको छ । सरकारले वैदेशिक रोजगारी नितिलाई थप परिमार्जन गरि व्यवस्थित र मर्यादित बनाउन नसक्नु साथसाथै युवामा देखिएको बढ्दो मृत्युको कारण अध्ययन गरेको र रोकथामको उपाय अपनाएको पाइन्न । त्यसकारण वैदेशिक रोजगारीका क्रममा हुने मृत्युदर घट्न नसकेको बताइन्छ ।

नेपालका लागि वैधानिक श्रम गन्तव्यमा रहेका राष्ट्रहरु मध्येबाट नेपालीहरुको प्रमुख आकर्षक श्रम गन्तव्य मानिने देश हो युएई, युनाइटेड अरब इमिरेट्स । इस्लाम राष्ट्र भएतापनि धार्मिक सहिष्णुताको उनुपम उदाहरण बनेको यस देशले आकर्षक रोजगारीका अवसरको प्रचुर संभावना बोकेको छ । त्यसैले पनि नेपालका साथै भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका लगायत ठूला ठूला शक्ति राष्ट्रहरुका युवायुवतीहरु वर्षेनी हजारौंको संख्यामा विभिन्न क्षेत्रमा श्रम गर्न यहाँ आउने गरेका छन् ।

वैदेशिक रोजगारी र निर्वाहमुखी पेसाहरुको सहज विकल्प दिने, देशभित्रै गुणस्तरीय रोजगारी सिर्जना गर्ने, व्यावसायिक लगानीको वातावरण राम्रो बनाउँदै लैजाने, आयात प्रतिस्थापन गर्दै जाने, कृषि अनुदानका अवसरहरु कृषकको हातमा पुर्याउने, आधुनिक कृषिमा लगानी गर्ने, ब्याजदर नियन्त्रण आदि कार्यमा नेपाल सरकारले मौनता साँधे सँगै विकल्पको रुपमा यहाँ ८ लाख माथि नेपालीहरु रोजगार रहेका छन् । त्यसमा महिलाहरुको संख्या पनि उल्लेख्य रहेको छ ।

देशमा रोजगारविहीन बनेसँगै निम्न, मध्यम वर्गीय परिवारमा आश्रित युवायुवती विभिन्न माध्यमको खोजी गरी विदेश पलायन हुन चाहनु स्वभाविक नै हो । जसबाट प्राप्त हिस्साबाट घरपरिवार चलाउनु, बालबच्चाको पढाई खर्च, स्वास्थ्य उपचार आदि जिवनका आधारभूत आवश्यकता पुरा गर्न र देशलाई रेमिट्यान्स मार्फत आर्थिक पाटोको एक अभिन्न अंगको रुपमा उभ्याउन सफल भएका छन् । तर पछिल्लो समय नेपालबाट अवैधानिक रुपमा युएई आएर समस्यामा परेका नेपालीहरु थुप्रै भेटिन्छन् । वैधानिक तवरबाट युएई रोजगारीमा आएपछि समस्या पर्दै–पर्दैन भन्ने चाहिँ होइन, यहाँ आउँदा नेपालमा मेनपावर व्यवसायीलाई चर्को शुल्क बुझाएको तर समझौता अनुरुपको काम र तलव नपाएको गुनासो पोख्ने नेपालीहरु पनि छन् तर नगन्य । धेरै हद उनीहरु सुरक्षित अवश्य छन् । भिजिट भिसा वा अन्य कुनै दोस्रो माध्यमबाट यहाँ आएर समस्यामा परेका नेपालीहरुको संख्या भने पछिल्लो समय उलेख्य मात्रामा पाइन्छ, जसको दैनिकी निकै पिडादायी छ ।

**किन अवैध बाटो प्रयोग गर्दछन् नेपाली ?**

वैधानिक तवरबाट श्रम गर्न खुल्ला गरिएको भएतापनि धेरै मुलुकहरुमा जस्तै युएईमा पनि नेपालीहरु अवैध बाटोबाट आउने गर्दछन् । सीप, क्षमता र योग्यता हुँदाहुँदै पनि नेपालबाट वैधानिक तवरबाट जाने उपयुक्त कामको निम्ति धेरै कठिनाइ पर्दछ । प्रतिस्पर्धात्मक दुनियाँमा सामान्य काममा वाहेक उच्च पदका लागि नेपालबाट यहाँ कमै मात्र कामदार मगाएको देखिन्छ । अर्को कुरा वैधानिक तवरबाट जानको निम्ति खर्चिनु पर्ने समय पनि एक कारण हो । तेस्रो मेनपावर व्यवसायी र विचौलियाहरुले गुमाउदै गएको विश्वास, अनावश्यक दुःख– हैरानी । चौथो अत्याधिक खर्चिलो । पाँचौं रोजाईको काम गर्न पाइने अवसर । केही प्रतिशत हतार र हतास मानसिकता, लहलहै....




**के कस्ता समस्या झेलिरहेका छन् ?**

अवैधानिक बाटोबाट आउनेहरुले झेल्ने सबैभन्दा ठूलो समस्या भनेकै काम खोज्नु । सिप र दक्षता अनुरुपको काम खोज्ने विभिन्न वेवसाइट, जब एप, वैधानिक जब सेन्टर÷कन्सल्टेन्सी हुँदाहुँदै पनि नयाँ ठाउँ, सामान्य ज्ञान र स्वविवेकको अभावमा काम÷कोठा खोजिदिने आश्वासन बाँडेर पैसा असुल्ने ठगि गिरोहबाट पिडित छन् । दोस्रोः क्रेडिट कार्ड बनाइदिने जसबाट चाहे जति रकम ऋण पाइने जसलाई मासिक रुपमा चुक्ता गर्न सकिने भन्दै सोझासाझाको व्यक्तिगत कागजात÷विवरण पेश गरि रकम निकाल्ने र सम्पर्कविहीन बन्ने अर्को ठगी गिरोहको फन्दामा पर्नु । तेस्रोः ओभर स्टे हुने । चौथोः ओभर स्टे बनेसँगै युएईको कानुन विपरितका कार्यमा संलग्न हुनु र पक्राउसँगै जिवनलाई बर्बादीको खाल्डोमा पार्नु ।
पाँचौः अवैधानिक रुपमा संचालनमा रहेका व्यक्ति÷ संस्थाले सहज प्रक्रियाबाट युरोपको कुनै पनि मुलुक पठाइदिने भन्दै विश्वासमा पारेर दोस्रो पटक ठगिने ।
छैठौं: अन्तिम विकल्पका रुपमा घर फर्किन् देश – दुनियाँ गुहार्नु ।




**डरलाग्दो अकाल मृत्युदरः–**

वैदेशिक रोजगारीमा गएका नेपालीले अकालमै ज्यान गुमाउने गरेको तथ्यांक डरलाग्दो छ । गत आर्थिक वर्ष २०७९÷८० मा रोजगारीका लागि विदेश जाने नेपालीको संख्या ७ लाख ७१ हजार ३२७ जना रहेकोमा १ हजार २०५ जनाको मृत्यु भएको थियो । आव २०६५÷६६ देखि २०७९÷८० सम्मको १५ वर्षमा १२ हजार १८९ जनाले ज्यान गुमाएका छन् । नेपाली श्रमिकका प्रमुख गन्तव्य खाडी मुलुक हुन् । खाडी मुलुकमध्ये पनि गत आव २०७९÷८० मा युएईमा मात्रै १८७ जनाको मृत्यु भएको वैदेशिक रोजगार बोर्डको तथ्यांकले देखाएको छ । जसमध्ये करिव ८० प्रतिशत अवैधानिक बाटोबाट युएई पुगेका रहेका छन् ।

रोजगारीको खोजीमा अवैधानिक बाटो प्रयोग गरि विदेश जाने युवाको संख्या लगातार बढेसँगै उतै ज्यान गुमाउनेको संख्या पनि बर्सेनि बढ्दै गएको छ ।

सरकारले वैदेशिक रोजगारी नितिलाई थप परिमार्जन गरि व्यवस्थित र मर्यादित बनाउन नसक्नु साथसाथै युवामा देखिएको बढ्दो मृत्युको कारण अध्ययन गरेको र रोकथामको उपाय अपनाएको पाइन्न । त्यसकारण वैदेशिक रोजगारीका क्रममा हुने मृत्युदर घट्न नसकेको बताइन्छ ।

मानिसले किन देश छाड्छ ? उसले वाध्यता, अवसर, रहरका लागि देश छाड्न सक्छ । आजको युगमा हरेक मानिस संसारका कुनै पनि कुनामा गएर आफ्नो भविष्य बनाउन स्वतन्त्र छ तर वैधानिक बाटोबाट मात्र । तर सरकारकै कमजोरीका कारण कोहि पनि व्यक्ति घरखेत बन्धकी राखेर, सावाँ भन्दा चर्को ब्याज तिरेर, उभिन नसक्ने बा आमाको बिचल्ली पारेर मात्र दुई छाक टार्न ज्यानको बाजी लगाएर बिदेशीनेको हुलले देशको अन्तर्राष्ट्रिय विमानस्थल भरिन्छ त्यसलाई देश छाडेको भनिदैन, राज्यले लखेटेको भनिन्छ । विदेशिनु रहर बन्नुपर्छ बाध्यता होइन ।

# मधेशलाई सुन्दर देखाइएको एउटा दुर्लभ फिल्म

अनिल यादव




एक दशकयता नेपाली फिल्ममा मधेश र मधेशी पात्र खुब देखिए । तर, अधिकांशको नियत हास्य सिर्जना गर्ने नै थियो । नेपाली फिल्ममा लामो समयदेखि मधेशी पात्रलाई उडाएर, होच्याएर र हाँसोको पात्रका रूपमा देखाउँदा दर्शकलाई हँसाउन र मनोरञ्जन दिन सकिन्छ भन्ने झुर मनोविज्ञान नै हाबी भइरह्यो । कहिले मधेशलाई अपराधको अखडा देखाएर, कहिले मधेशी पात्रलाई हजाम, कहिले जुत्ता सिलाउने मोची, कहिले पान पसले, कहिले गुन्डा, फटाहा, निरीह आदि देखाएर दर्शक हसाउने शृंखला चलिरह्यो । तर, नेपाली सिनेमामा मधेशको आत्मा, मर्म र सौन्दर्य बोक्न सक्ने सिनेमा भने सधैँ 'मिसिङ' नै थियो । यस्तो लाग्छ, अहिले हलमा प्रदर्शन भइरहेको फिल्म 'मिसिङः केटी हराएको सूचना' त्यही अभावको पूर्ति हो ।

२२ वर्षपछि नेपाली फिल्ममा फर्किएका निर्देशक दीपेन्द्र गौचनले यो फिल्ममार्फत सिंगो पहाडलाई मधेश बुझाउन खोजेका छन् । जम्माजम्मी यो फिल्म दुई पात्रमा केन्द्रित दुई दिनको कथा हो । यो खासमा नेपाली फिल्ममा छिटपुट प्रयोग हुँदै आएको मिनिमलिस्ट सिनेमा हो । यहाँ पात्रहरूको थुप्रो छैन । घटनाहरूको शृंखला छैन । अपेक्षित द्वन्द्व र उच्च तनाव पनि छैन । तर, निर्देशक गौचनले दुई पात्रबीच घट्ने एउटा सामान्य घटनाक्रममार्फत सरल शैलीमा मधेशको गम्भीर मुद्दा उठाएका छन् ।

फिल्ममा डेटिङ एपमार्फत पहाडे युवती सीता (जेसी) र मधेशी युवा राम (¥याम्बो)को एक रेस्टुरेन्टमा भेट हुन्छ । परिस्थितवश रामले बोकेको निद्राको गोलीको धुलो मिसिएको कफी सीता पिउन पुग्छिन् । त्यसपछि बेहोस सीता रामको अपहरणमा परेर जनकपुरसम्म पुग्छिन् । पहाड र मधेशका यी दुई पात्रबीच त्यसपछि विकास हुने सम्बन्ध र फक्रिने प्रेम नै यो फिल्मको कथा हो ।

तपाईं मिनिमलिस्ट सिनेमाको पारखी होइन भने यो फिल्मको कथाशैली तपाईंलाई 'डकुमेन्ट्री'जस्तै लाग्न पनि सक्छ । तर, यही सिद्धान्तमा विश्वभर सुन्दर सिनेमाहरू बनेका छन् । चाहे त्यो ९३ औँ अस्कर अवार्डमा उत्कृष्ट फिल्म घोषणा भएको क्लोई चाउ निर्देशित 'नोम्याडल्यान्ड' होस् या लुइस मेलले निर्देशन गरेको 'माइ डिनर विथ आन्द्रे' । 'नोम्याडल्यान्ड'ले



श्रीमानको मृत्युपछि घर छाडेर यात्रामा हिँड्ने एक ६० वर्षीय फिरन्ते महिलाको यात्रा कथा भनेको थियो । 'माइ डिनर विथ आन्द्रे' मा दुईजनाबीचको डिनर गफ नै फिल्मको कथा थियो ।

चर्चित निर्देशक सिड्नी लुमेटले निर्देशन गरेको 'ट्वेल्भ एंग्री मेन' त्यस्तै एक सुन्दर मिनिमलिस्ट सिनेमा हो जहाँ एउटा बन्द कोठामा न्यायलयका १२ जना जुरी सदस्यहरूले एक मुद्दाको फैसलालाई लिएर बहस गर्छन् । प्रतिवादीलाई जेल पठाउन हुने या नहुने भन्ने विषयमा हुने तर्क–वितर्क नै फिल्मको कथा थियो । विश्व चर्चित इरानी फिल्म निर्देशक अब्बास किरुस्तामी पनि यस्तै फिल्म निर्माणमा रुचि राख्थे । उनले निर्देशन गरेको फिल्म 'टेस्ट अफ चेरी' एक त्यस्तो व्यक्तिको कथामा केन्द्रित थियो, जो आत्महत्यापछि उसको शरीर गाड्ने मान्छेको खोजीमा हिँडिरहेको छ ।

'मिनिमलिजम'ले कथा बन्नका लागि ठूलै घटनाहरू खोज्दैन । भव्य सेट, धेरै पात्र र ठूलो लगानीको परिकल्पना पनि गर्दैन । जीवन त सामान्य घटनाक्रमहरूमा पनि चलिरहेको हुन्छ । सामान्य मान्छेको सामान्य जीवन पनि कथा हुन्छ । जीवनमा केही नभए पनि कथा त हुन्छ । निर्देशक गौचनले डिजिटल जमानाका राम–सीतामार्फत त्यही कथा भन्न खोजेका छन् ।

यो फिल्मकी सीतालाई रामायणको जस्तो लज्जवती र कमजोर



देखाइएको छैन, साहसी र विद्रोही देखाइएको छ । फिल्ममा अपहरण गर्ने राम नै पछि अपहरणमा पर्ने दृश्य साँच्चै रोचक छ ।



तपाईंलाई होस्टेल रिटन्र्समा रामेश्वर यादव बनेका नाजिर हुसेन पक्कै सम्झना होला ! पात्र मधेशी नै भए पनि ती नाजिर यो फिल्ममा भने हास्यास्पद देखाइएका छैनन् । त्यतिबेला हातमा शिवको मूर्ति, ब्यागमा घण्टी, निधारमा रातो अबिरको टीका लगाएर सोझो, केही पनि नजान्ने 'पाखे' को भूमिकामा देखिएका नाजिर यहाँ मैथिली पनि प्रस्ट बोल्छन्, नेपाली पनि प्रस्ट । यो फिल्ममा उनको नेपाली बोली बिगारेर दर्शकमा हास्य सिर्जना गर्ने निर्देशकको नियत छैन । फिल्मको पहिलो हाफ निकै सुस्त छ । कथाले गति समात्न समय लाग्छ । दोस्रो हाफ भने अनपेक्षित छ । जब सीता शहरको पहिरन छाडेर गाउँको कुर्ता लगाउँछिन्, त्यसपछि कथाको मोड पनि परिवर्तन हुन्छ । झट्ट हेर्दा निर्देशकले दुई पात्रको सम्बन्धको कथा भनेजस्तो लाग्न सक्छ तर गहिराइमा उनले मधेश–पहाडको सम्बन्धको कथा भनेका छन् ।

झट्ट हेर्दा मधेशका रामले पहाडकी सीतालाई मधेशको कला, संस्कृति र सौन्दर्य बुझाउन मधेश घुमाएजस्तो देखिनसक्छ । तर गहिरिएर हेर्दा निर्देशकले पहाडलाई मधेश घुमाउँदै 'यो हाम्रो मधेश हो र यही हो यहाँको सौन्दर्य' भनेर बुझाउन खोजेका छन् । फिल्ममा जनकपुरधाम मात्रै होइन, मधेशका पोखरी, आँप गाछी, मिथिला चित्र, होली, पराल सबै सबै मिठो शैलीमा देखाइएको छ । यतिखेर 'घुमौँ मधेश, बुझौँ मधेश' अभियान बोकेर पोखरा पुगेको मधेश प्रदेश सरकारका लागि पनि यो फिल्म यसर्थमा सहयोगी बन्न सक्छ ।

पहिचान, पहुँच र प्रतिनिधित्वमा मधेशलाई पछि पारिएपछि २०६२÷६३ को जनआन्दोलन सफल भएलगत्तै देशमा दुईदुई पटक मधेश आन्दोलन भयो । पहिलो मधेश आन्दोलन यतिसम्म चर्कियो कि मधेशबाट केही पहाडी मूलका बासिन्दा घर छाड्न बाध्य भएका थिए । यो प्रसंगलाई पनि निर्देशकले फिल्ममा मिठोसँग जोडेका छन् । रामले सीतालाई अपहरण गरेर जुन महलमा पु¥याउँछन्, त्यो मधेश आन्दोलनताका घर छाड्न बाध्य पहाडी मूलका पात्रकै हुन्छ । रामका बुवाले पहाडी मूलका ती व्यक्तिसँग मित लगाएका कारण त्यो घर रामकै परिवारलाई सुम्पिएका हुन्छन् । निर्देशकले त्यही घरबाट मधेशी युवा र पहाडी युवतीको सम्बन्ध जोडेका छन् । यो आफैँमा प्रतीकात्मक लाग्छ ।

मधेश आन्दोलनलाई लिएर राम र सीताबीच हुने वादविवाद फिल्मकै एक बलियो दृश्य हो । यो दृश्यमा निर्देशकले मधेशीलाई भारतीय देख्ने नेपाली मनोविज्ञान उप्काउन खोजेका छन् । फिल्ममा रामले सीतालाई मधेश आन्दोलन राज्यकै कारण भएको भनेर सम्झाउन खोज्छन् । जब सीता सहमत हुँदिनन्, त्यतिबेला राम भन्छन्, 'हामी तराईमा बस्ने नेपालीहरूलाई पनि इन्डियन नै सोच्छन्, हैन ? तिमी जति नेपाली हो, म पनि त्यति नै नेपाली हो, बुज्यौं ? माथि पहाडमा बस्ने आँखा सानो भएको मान्छेहरूलाई त म चाइनिज भनेर बोलाउँदिन नि !' फिल्ममा नाजिर र सृष्टि दुवैको अभिनय जीवन्त छ ।

परालको टालमाथि सुतेर राम–सीताले गरेको प्रेमिल संवाद फिल्मको अर्को सुन्दर दृश्य हो । यद्यपि यो फिल्म समस्यारहित भने होइन । सीताका दाइ प्रहरी अधिकृत हुन्छन् । तर, बहिनी अपहरणमा पर्दा पनि खोज्न मुस्किल परेको देखाइएको छ । जबकी अपहरण गरेर जहाँ पु¥याइएको छ, त्यहाँ उनको मोबाइल अन नै छ ।

यो डिजिटल समयको कथा हो । नेपाल प्रहरीसँग मोबाइलमार्फत लोकेसन ट्र्याक गरेर तत्काल खोजी गर्न सक्ने प्रविधि छ भन्ने कुराको न्यूनतम ज्ञान पनि निर्देशकसँग नभएको देखिन्छ । क्लाइमेक्स पनि जर्बजस्ती तन्काइएको छ । खोइ किन हो, फिल्मलाई 'ह्याप्पी एन्डिङ'मै पु¥याएर छाड्ने निर्देशकको जबर्जस्त प्रयत्न देखिन्छ । नत्र फिल्मको समापन गर्न जेलको दृश्यसम्मै पु¥याउन आवश्यक लाग्दैन ।

भनिन्छ, कहिलेकाहीँ असल नियतले गल्तीहरू पनि छोपिदिन्छ । यो फिल्ममा निर्देशकले मधेश–पहाडलाई जोड्ने हिसाबले जुन कथा रोजेका छन्, त्यसको अघि ती गल्तीहरू माफीयोग्य छन् । यस्तो लाग्छ, सम्भवतः यसअघि नेपाली फिल्ममा मधेश र मधेशी पात्रलाई यति सुन्दर र स्वाभाविक कहिल्यै देखाइएको थिएन । यसकारण पनि निर्देशक गौचन प्रशंसाको हकदार हुन् ।

# विश्व अर्थनीतिले भूराजनीतिमा प्रभावः पाण्डे

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**




पूर्वअर्थमन्त्री एवम् नेकपा एमालेका नेता सुरेन्द्र पाण्डेले विश्वको अर्थतन्त्रमा आउने गरेको परिवर्तनले भूराजनीतिमा प्रभाव पारिरहेको जिकिर गरेका छन् । मधेश प्रदेश सभाको वार्षिकोत्सवमा भएको भूराजनीतिक तथा बजेट निर्माण सम्बन्धमा अन्तक्रियामा पाण्डेले विश्वको विभिन्न मुलुकले विकासका लागि आआफ्ना तर्फबाट सहयोग दिने गरेका कारण उनीहरुको चासो र भूराजनीतिको प्रभाव अन्य मुलुकमा समेत पर्ने गरेको जिकिर गरे । उनले नेपालको कुल आम्दानीले साधारण खर्च गर्न मात्र पुग्ने भएकाले विकासको काम गर्न विदेशी अनुदान, सहयोग तथा ऋण लिनुपर्ने बाध्यता भएको बताउँदै नेपालको व्यापार घाटा कम गर्न विद्युत् ऊर्जाको विकास तथा भारतमा निर्यातसम्बन्धी सम्झौता महत्वपूर्ण भएको बताए ।

उनले मधेश प्रदेशमा आर्थिक श्रोतको सम्भावना रहेको बताउँदै यसका लागि प्रमुख श्रोतका रुपमा पर्यटनलाई लिन सकिने बताए । उनले भारतको बिहारबाट मात्रै पर्यटकलाई जनकपुरसम्म ल्याउन सकिए मधेश प्रदेशको आर्थिक आम्दानीसमेत बढ्ने जिकिर गरे । उनले यसका लागि प्रदेश सरकार र प्रदेश सभाले भूमिका खेल्नुपर्नेमा जोड दिए । पाण्डेले मधेशको विकासका लागि कृषि प्रमुख भए पनि अहिले कृषिमा लागानी बढे पनि त्यसअनुसार प्रतिफल आउने सम्भावना नरहेकाले कृषिलाई उत्पादनमुखी बनाउनुपर्नेमा जोड दिए । उनले भने, 'खेतीले मात्रै नेपालका जनता धनी हुने स्थिति नरहेकाले सरकारले अन्य सम्भावना खोजी गरेर जान आवश्यक छ ।'

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले प्रदेश सभाका सदस्यहरुलाई राखेर अन्र्तक्रिया गर्दा अर्थतन्त्रले भूराजनीतिमा पारिरहेको प्रभावका विषयमा जानकारी पाइएको बताए । कार्यक्रममा अर्थविज्ञ डा. भोगेन्द्र झाले बजेट खर्च प्रणालीले प्रदेशको विकास सम्भव नरहेको बताउँदै यसका लागि बजेट खर्चमा सुधार आवश्यक भएको बताए । कार्यक्रममा उपसभामुख बबिता राउतसहित प्रदेश सभाका सदस्यहरुको उपस्थिति थियो ।

# 'सरस्वती पूजामा सांस्कृतिक शुद्धता कायम राखौँ'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

धनुषाका प्रमुख जिल्ला अधिकारीलगायत निजी तथा सामुदायिक विद्यालय सञ्चालक संस्थाहरू (प्याब्सन, एनप्याब्सन) लाई राष्ट्रिय एकता अभियानका जिल्ला सहसंयोजक पंकज झाको नेतृत्वमा ज्ञापनपत्र बुझाइएको छ ।

ज्ञापनपत्रमा माघ २१ गते सोमबार मनाइने सरस्वती पूजालाई सभ्य र अनुशासित रूपमा आयोजना गर्न आग्रह गरिएको छ ।

ज्ञापनपत्रमा सबै शैक्षिक संस्थालाई विद्यार्थीलाई विद्यालयको पोशाक (युनिफर्म) मा उपस्थित गराउन, सांस्कृतिक तथा धार्मिक शुद्धता कायम राख्न, डिजे बाजा तथा अश्लील गीत नबजाउन र अत्यधिक ध्वनि प्रदूषणबाट जोगिन विशेष ध्यान दिन अनुरोध गरिएको छ ।



अभियानका जिल्ला सहसंयोजक झाले विगत वर्षहरूमा सरस्वती पूजाको अवसरमा बढ्दो ध्वनि प्रदूषण, अनुशासनहीन गतिविधि तथा सांस्कृतिक विकृति देखिएको भन्दै यस वर्ष यस्तो प्रवृत्ति निरुत्साहित गर्न सबै पक्ष गम्भीर हुन आग्रह गरे । ज्ञापनपत्र बुझ्दै सम्बन्धित अधिकारीहरूले सरस्वती पूजा मर्यादित र संस्कृतिमैत्री रूपमा मनाउन पहल गरिने प्रतिबद्धता व्यक्त गरेका छन् । झासँगै अभियानका मनीष पुर्वे, वृखेश कुमारलगायतको सहभागिता थियो ।

# विकास गर्न जसपा नेपालको विकल्प छैनः यादव




**मधेशदृष्टि**
**रौतहट ।**

समग्र देश विकासका लागि जनता समाजवादी पार्टी नेपालको विकल्प नरहेको पार्टीका केन्द्रीय सदस्य बिन्देश्वर यादवले दाबी गरेका छन् ।

रौतहटको फतुवा विजयपुर नगरपालिका ७ स्थित शुक्रबार पार्टी कार्यकर्ताको भेलालाई सम्बोधन गर्दै उनले देश र मधेशको विकासका लागि जसपा नेपालको विकल्प नरहेको बताएका हुन् । कार्यक्रममा प्रमुख अतिथि यादवले आफ्नो गृह नगर फतुवा बिजयपुरमा कांग्रेसले दुई दुईपटक मेयर जितेपनि विकासको नाममा भ्रष्टाचार बाहेक अन्य केही गर्न नसकेको टिप्पणी गरे ।

कार्यवाहक मेयर अम्बेया खातुनसँगै फतुवा बिजयपुरका अधिकांश जनप्रतिनिधि बजेट कै भागबण्डामा अल्झिएको कारण ७ बर्षमा हेर्ने भन्ने लायक कुनै ठोस विकास हुन नसकेको उनले गुनासो गरे । मधेश प्रदेशका अर्थमन्त्री सुनिल कुमार यादवको गृह नगर समेत रहेको फतुवा बिजयपुर नगरपालिकाको दोस्रो कार्यकाल भागबण्डा मै बितिरहेको यादवले जिकिर गरे । सोही कार्यक्रममा फतुवा बिजयपुरमा जसपा नेपालको नगर कमिटि समेत गठन गरिएको छ ।

भेलाले राम कैलाश ठाकुरको अध्यक्षतामा १३ सदस्यीय पार्टी वडा कमिटि गठन गरेको छ ।

# जग्गाधनी प्रमाणपत्र पाउने आशमा महोत्तरीका भूमिहीन

**मधेशदृष्टि**
**महोत्तरी ।**

आफ्नो जग्गा भन्ने कानुनी प्रमाण नभएका महोत्तरीका भूमिहीन अब जग्गाधनी प्रमाणपत्र पाउने आशमा छन् । जिल्लामा सरकारले गठन गरेको भूमि समस्या समाधान आयोगले काम थालिएको बताएपछि अबचाहिँ लालपुर्जा पाइने आश भूमिहीन सुकुमबासीमा जागेको हो । 'आफ्नो भनेर पुस्तौँदेखि झुप्रोमा बसेका त छौँ, तर हामीसँग लालपुर्जा छैन', भङ्गाहा–४ रामनगरको दलितबस्तीका जुगल सदा मुसहर भन्छन्, 'अब गरिबलाई लालपुर्जा दिने रे भन्ने सुन्छौँ, त्यसो भए हामी पनि लालपुर्जावाला हुन्थ्यौँ ।' पछिल्लो पटक जिल्लामा भूमि समस्या समाधान आयोगका महोत्तरी अध्यक्ष पीताम्वर महतोले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र दिने तयारी थालिएको बताएपछि यी गरिबमा नयाँ आश जागेको हो । जिल्लामा यसअघि पनि कैयौँपटक यस्ता आयोग बने पनि जग्गाधनी प्रमाणपत्र नपाएका भूमिहीन यसपटक पनि हिस्स परिने हो कि भन्ने संशयमा नै छन् । जिल्ला आयोगले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र दिन यसअघि प्राप्त आवेदनहरुमा जाँचबुझ थालिसकिएको जनाएको छ । 'हामीले काम थालेका छौँ', अध्यक्ष महतो भन्छन्, 'पहिलो चरणमा यसअघि प्राप्त निवेदनमा जाँचबुझ भइरहेको छ ।' जिल्लामा यसअघि ज्ञानबहादुर गोले अध्यक्ष रहेका आयोगमा प्राप्त निवेदनहरुमाथि अहिलेको आयोगले काम थालेको उनले स्पष्ट पारे । त्यतिखेर गोले अध्यक्षताको आयोगको कार्यकालमा जिल्लामा आठ हजार दुई सय ८२ अव्यवस्थित बसोबासीले भोगचलनको आधारमा जग्गाधनी प्रमाणपत्र पाउन आवेदन गरेका थिए । यसैगरी भूमिहीन सुकुमबासीका दुई हजार दुई सय ११ र भूमिहीन दलितका एक हजार छ सय ७४ आवेदन रहेका अध्यक्ष महतोको भनाइ छ । यस्ता विभिन्न प्रकृतिका गरी १२ हजार दुई सय ८२ पुराना आवेदन रहेका आयोगले जनाएको छ । आवेदन परेकामध्ये बर्दिबास–२ बुद्धचोकका १५ भूमिहीन दलित र ३८ भूमिहीन सुकुमबासी गरी ५३ परिवारले मात्र जग्गाधनी प्रमाणपत्र पाएका छन् ।

यसैबीच, २०५४ सालको आयोगले आफ्ना घर रहेको र भोगचलन रहेको जग्गा कहाँकताका मान्छेलाई जग्गाधनी प्रमाणपत्र बाँडेर आफूहरुमाथि अन्याय भएको आरोप लगाएका भङ्गाहा–४ थारुटोल बनराका सुकुमबासीले पनि यसपालि न्याय पाउने आश गरेका छन् । आयोगका अध्यक्ष महतोले प्रारम्भिक चरणमा यसअघिका आवेदनमाथि काम थालेर अघि बढ्ने स्पष्ट पार्दै छुटेकाहरुको हकमा फेरि आवेदनको मौका दिइने बताउनुभएको छ । आयोगको अहिलेको तत्परताले भूमिहीन सुकुमबासी प्रमाणपत्र पाउने आशमा छन् । रासस

# अतिक्रमण मुक्त बन्दै कटहरियाको मूलबाटो



**मधेशदृष्टि**
**रौतहट ।**

जनप्रतिनिधिको लापरवाहीले स्थानीय व्यापारीले अतिक्रमण गर्दै आएको रौतहटको चर्चित बजार कटहरियाको मूल बाटो अब अतिक्रमण मुक्त हुन थालेको छ । मेयर अजय प्रकाश जयसवाल लगायत जनप्रतिनिधिले चासो नलिएको कारण केही व्यापारीले बाटोमै पसल थाप्न थालेको गुनासो बढेपछि स्थानीय प्रहरीले सक्रियता देखाएसँगै बाटो सफा अतिक्रमण मुक्त हुन थालेको हो । विगत लामो समयदेखि बजारको मुख्य बाटोको दुवै साईडमा स्थानीय ब्यपारीहरुले कब्जा गरेर व्यापार व्यवसाय गर्न थालेपछि समान खरिद गर्न आउने ग्राहकहरुलाई निकै कठिनाई हुनुको साथै दुर्घाटनाको जोखिम बढेको थियो । ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख सई मुकेश कुमार सिंहले दुईदिन अघि आयोजना गरेको सर्वदलीय बैठकले अब उपरान्त बजारको मूल सडक पूर्ण रूपमा खाली राख्ने सहमति गरेका थिए । बजार क्षेत्रको ५० फिट फराकिलो मूल बाटोको नाला भित्रै आआफ्नो पसलको सामान राख्ने सहमति भएको थियो । सहमतीको विपरित गर्ने स्थानीय अथवा बाहिरिया व्यापारीलाई कानुनी कारवाहीको दायरामा ल्याउने बैठकमा निर्णय भएको सई सिंहले जानकारी दिएका छन् । उक्त लिखित निर्णयपछि व्यापारीहरूले सडकमा पसलको सामान राख्न छोडेसँगै हप्ताको दुईदिन आईतबार बुधवार लाग्ने हाट बजारको दिन पनि कटहरियाको मूल बाटो भएर आउन जान सहज भएको जय भोलेनाथ कपडा स्टोरका सञ्चालक शम्भु साहले बताएका छन् । यसअघि बजारका कतिपय व्यापारीहरुले मुख्य सडक नै कब्जा गरेर व्यापार व्यवसाय गर्न थालेपछि पदैल यात्रीलाई समेत आवत जावतमा समस्या भएको थियो । ईलाका प्रहरी कार्यालय कटहरियादेखि नगरपालिका कार्यालयसम्म बाटोमा रहेको पसल पसल अगाडी केही स्थानीय र केही बाहिरिया व्पारीले सडक नै कब्जा गरी व्यापार गरिरहँदा दुर्घटनाको जोखिम बढेको थियो । हाल सडक फराकिलो भएपनि आईतबार बुधवार बजार क्षेत्रमा पार्किङको व्यवस्था नहुँदा समस्या भईरहेको छ । मूल बाटोमै कैयौं सानो चारपाङ्ग्रे सवारीसाधन, दर्जनौँको संख्यामा मोटरसईकल र साईकल खडा गर्दा आवतजावतमा समस्या हुँदै आएको छ । कटहरिया नगरपालिकामा मेयरमा निर्वाचित भएका अजय प्रकाश जैसवालको कार्यकाल ३ वर्ष बितन लाग्दा बजारको समस्या समाधान गर्न कहिल्यै पहल नगरेको व्यापारीहरूले गुनासो गरेका छन् । त्यसैगरी कटहरिया ५ अथवा बजारको वडा अध्यक्ष नेपाली कांग्रेसका सर्फलाल प्रसाद गुप्ताले आफ्नो दोस्रो कार्यकालमा हालसम्म समस्या समाधानको लागि पहल गरेका छैनन् । बजारको छेउमा करीब ४ कठा सरकारको स्वामित्वको जग्गा व्यक्तिले भोग गरिरहेका छन् । तर उक्त जग्गालाई पार्किंगको रुपमा सदुपयोग गर्न मेयर जैसवालसँगै वडा अध्यक्ष गुप्ताले कहिलै चासो देखाएका छैनन् । ईलाका प्रहरी कार्यालय कटहरियाको प्राङ्गणमा भएको सर्वदलीय बैठकमा वडा ४ का अध्यक्ष चन्दन कुशवाहा, गरुडा उद्योग बाणिज्य संघका सदस्य महाशक्ति कुमार साह, वडा सदस्य रामेश्वर यादव, व्यापारीहरु अजय मिश्रा, रामेश्वर साह, राजनारायण साह, राजु भास्कर, बिपिन साह लगायतको सहभागिता रहेको प्रहरीले जनाएको छ ।

# 'स्ववियु निर्वाचन र विद्यार्थीका अपेक्षा' विषयक छलफल सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

स्ववियु निर्वाचनलाई लक्षित गरी वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा 'स्ववियु निर्वाचन र विद्यार्थीका अपेक्षा' विषयक छलफल सम्पन्न भएको छ । नेपाल विद्यार्थी संघ ठाकुरराम क्याम्पसका नेता विकास मण्डलको आयोजनामा भएको उक्त छलफलमा विद्यार्थीका विविध माग र अपेक्षाहरूलाई सम्बोधन गर्ने विषयमा व्यापक बहस भएको थियो । छलफलमा सहभागीले १५ वर्षदेखि स्ववियु निर्वाचन हुन नसकेको क्याम्पसमा आगामी चैत ५ गते निर्वाचन गराउन अडान राख्दै सबै विद्यार्थी संगठनलाई सहकार्य र सहमतिका लागि आग्रह गरे । नेविसंघ पर्साका पूर्व अध्यक्ष दिलिपराज कार्कीले निर्वाचन सुनिश्चित गर्न सबै विद्यार्थी नेताहरूले एकजुट भएर भूमिका खेल्नुपर्ने धारणा राखे । सहभागी विद्यार्थीहरूले नियमित पठनपाठन, पुस्तकालयमा पुस्तकको उपलब्धता, व्यवस्थित शौचालय निर्माण, नियमित सरसफाइ तथा शैक्षिक वातावरण सुधारजस्ता महत्वपूर्ण अपेक्षाहरू प्रस्तुत गरे । नेविसंघ पर्साका अध्यक्ष रमेश यादवले आगामी निर्वाचनमा नेविसंघलाई समर्थन गर्न आग्रह गर्दै विद्यार्थीको हितमा काम गर्ने प्रतिवद्धता जनाए ।

# जनमतको निशुल्क आँखा शिविर सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**

जनमत पार्टी पर्साको लोककल्याणकारी अभियान अन्तर्गत चलिरहेको निशुल्क आखा शिविर वीरगंज वडा नम्बर २६ अठराहामा सम्पन्न भएको छ ।

१२ औँ शिविरमा शुक्रबार ८८ जनाले आँखा परिक्षण गराएका छन् । सो मध्ये ३४ जनामा मोतियाबिन्दु देखिएको जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सरार्फले जानकारी दिए । मोतियाबिन्दु देखिएकाहरुको शल्यक्रिया वीरगंज



सामुदायिक आखा केन्द्रमा निशुल्क रुपमा गरिने अध्यक्ष सरार्फले बताए । अभियानबाट अहिले सम्म १३ सय पचास भन्दा बढी व्यक्ति लाभान्वित भएका छन् भने ३५० भन्दा बढीको मोतियाबिन्दुको शल्यक्रिया सफलतापूर्वक सम्पन्न भएको सर्राफले बताए ।

# महाकुम्भ मेलामा पर्साका थप दुई जना सम्पर्कविहीन

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको उत्तर प्रदेश राज्यस्थित प्रयागराजमा लागेको महाकुम्भ मेलामा पर्साका थप दुई व्यक्ति सम्पर्कविहीन भएका छन् । पर्साको जगरनाथपुर गाउँपालिका–३ विजवानिया निवासी ६५ वर्षीय रजु राउत अहिर र ६० वर्षीय उमाकान्त गिरी बुधवार मौनी अमावास्याका दिन बिहान भएको भागदौडमा परेर सम्पर्कविहीन भएको परिवारजनले जानकारी दिएका छन् । अहिरका नाति धनञ्जय यादव (मन्टू) का अनुसार, नौ जनाको समूह बनाएर प्रयागराजस्थित सङ्गम नदीमा नुहाउन गएका अहिर र गिरी भागदौडका क्रममा सम्पर्कविहीन भएको बताए ।

उनीहरू वीरगंजबाट माघ ४ गते समूह बनाएर बिटोर काँवर लिएर विभिन्न धार्मिक स्थलमा पूजा गर्दै महाकुम्भ पुगेका थिए । अहिर र गिरीसँगै रहेको टोलीले उनीहरूको खोजी कार्य गरिरहेको यादवले बताए । महाकुम्भ मेला गएका पर्साको पोखरिया नगरपालिका–१ बनकटवा गाउँकी ४३ वर्षीय चन्दकिशोरी देवी गिरी र डकैंला बहुअरीका राधा साह तेली पनि सम्पर्कविहीन भएका छन् ।

# पर्सामा एचपिभी खोप लगाउन तयारी पूरा



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाका विद्यालय र विद्यालय बाहिर गरी कुल ३८ हजार ६ सय ४६ जना किशोरीलाई एचपिभी खोप लगाईने भएको छ । माघ २२ देखि फाल्गुन ६ गतेसम्म पाठेघरको मुखमा हुने क्यान्सरविरुद्ध हयुमेन पापीलोमा भाइरस एचपिभी खोप लगाईने भएको छ । शुक्रबार जिल्ला खोप समन्वय समितिले सञ्चारकर्मी तथा सरोकारवालासँग एचपिभी खोप अभियानबारे जिल्ला प्रशासन कार्यालय पर्सामा गरेको अभिमुखिकरण तथा गोष्ठी कार्यक्रममा सोबारे जानकारी गराइएको हो । गाभी, युनिसेफ र बिश्व स्वास्थ्य संस्था नेपालको सहयोग र स्वास्थ्य कार्यालय पर्साको आयोजनामा भएको अभिमुखिकरण कार्यक्रममा विद्यालय भित्र रहेका ३१ हजार १ सय ६० जना छात्रा र विद्यालय बाहिर रहेका ७ हजार ५ सय २६ जना किशोरीहरुलाई एचपिभी खोप लगाईने जानकारी दिएको हो । जिल्ला खोप समन्वय समिति तथा जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख गणेश आर्यालयको अध्यक्षतामा भएको कार्यक्रममा खोप कार्यक्रमको बारेमा ब्यापक प्रचार प्रसार गरी प्रभावकारी सूचना सम्प्रेणन गर्न प्रबन्ध मिलाउने, खोप केन्द्रहरुमा प्रयाप्त सुरक्षा, सावधानी तथा पूर्वाधारको व्यवस्था मिलाउने लगायत बिषयमा छलफल भएको हो । पर्सामा ३ सय ४५ खोप केन्द्र राखिने भएको छ । ६ सय ९० स्यवमसेवक र ३ सय ४५ जना स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिएको छ ।
यसैबीच पर्साको पोखरिया नगरपालिकामा माघ २२ गतेदेखि शुरु हुनगइइरहेको एचपिभी खोप अभियानबारे स्वास्थ्य कार्यालय पोखरियाले अभिमुखीकरण कार्यक्रममा गरी जानकारी गराएको छ । पोखरिया स्वास्थ्य शाखा प्रमुख कौशलेन्द्र मिश्राले माघ २२ देखि २८ गतेसम्म पालिकाको १० वडामा चल्ने अभियानमा करिब २ हजार ५ सय जना बालिका र किशोरीहरुलाई एचपिभी खोप लगाइने जानकारी दिए ।

# सरसाफई सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका कार्यालय, भारतीय महावाणिज्य दूतावास वीरगंज तथा ग्रीनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रको संयुक्त आयोजनामा सरसाफई भएको छ । वीरगंज महानगरपालिका वडा न्बर ११ भारतीय महावाणिज्य दूतावास कार्यलयको गेटदेखी मूर्ली चौकसम्म बृहत सरसफाई सम्पन्न भएको हो । नगरलाई हराभरा, सुन्दर र स्वच्छ बनाउने महानगरले लिएको अभियानलाई यस्ता खालका कार्यले थप सहयोगथ प्रदान गर्ने वीरगंज महानगररपालिकाका नगर प्रमुख राजेशमान सिंहले बताए । कार्यक्रममा नगर प्रमुख सिंहसँगै भारतीय महावाणिज्य दूतावासका पदाधिकारीहरु, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, ग्रिनसिटीका अध्यक्ष जयप्रकाश खेतान लगायत संचारकर्मीहरुको सहभागीता रहेको थियो ।

# जगरनाथपुरमा कोल्ड स्टोर निर्माण गर्ने शिलान्यास



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिका वडा नं. ५ मधुवाहा टोलमा कोल्ड स्टोर निर्माण हुने भएको छ । ७९ लाख ३६ हजार रुपैयाँको लागतमा निर्माण हुने कोल्ड स्टोरको शुक्रबार गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले शिलान्यास गरेका छन् ।
कोल्ड स्टोरको शिलान्यास गर्दै गाउँपालिका अध्यक्ष यादवले ठेक्दारलाई समय मै निर्माण कार्य पुरा गर्न निर्देशन दिए । उनले कोल्ड स्टोर निर्माणले जगरनाथपुर गाउँपालिका लगायत यस क्षेत्रको कृषकहरु लभान्वित हुने बताए । संघ सरकारको सहयोगमा गाउँपालिकाले कोल्ड स्टोर निर्माण गर्न लागेको प्रमुख प्रशासकिय अधिकृत कृष्णनन्दन रायले जानकारी दिए ।
यसैगरी जगरनाथपुर गाउँपालिका कै वडा नं. ४ सोहपुरस्थित सार्वजनिक जग्गामा पोखरी खन्न लागिएको छ ।
दुई विग्हा सार्वजनिक जग्गा खन्न लागिएको पोखरियाको पनि गाउँपालिका अध्यक्ष यादवले शिलान्यास गरेका हुन् ।
सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत कृष्ण नन्दन राय, जगरनाथपुर गाउँपालिका वडा नं. ३ का वडाध्यक्ष सुबाष यादव, वडा नं. ५ बिहारी महतो नुनिया लगायतको उपस्थिती रहेको थियो ।

# मिश्राको अध्यक्षमा श्रमजीवि पत्रकार संघ बारा गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
शिवशंकर मिश्राको अध्यक्षतामा १३ सदस्यीय श्रमजीवि पत्रकार संघ बारा गठन भएको छ । समितिको उपाध्यक्षमा नरेश गुप्ता, महिला उपाध्यक्षमा प्रियन्का सर्राफ, सचिवमा चन्देश्वर चौरसिया, सहसचिवमा महेन्द्र सहनी, श्याम पासवान, कोषाध्यक्षमा विशाल सर्राफ, सदस्यहरुमा शर्मालाल बैठा, अनिल वर्मा, अजय वियोगी, बिनिता चौधरी, श्यामकुमार ठाकुर, रन्जन कुमार र कृष्णा कुशवाहा रहेका छन् ।

# वसन्तपञ्चमी पर्वः शितल केशोर र बयरको बजार जम्दै

**मधेशदृष्टि**
**महोत्तरी ।**
वसन्तपञ्चमी पर्व नजिकिँदै गर्दा महोत्तरीसहित मधेशका बजारमा शितल केशोर (माटोमुनि फल्ने फलविशेष) र बयर (रुखमा फल्ने फलविशेष) उत्पादक किसानको व्यस्तता बढेको छ । मधेशको पनि खासगरी प्राचीन मिथिला क्षेत्रमा विद्याकी अधिष्ठात्रीदेवी सरस्वतीको पूजाआराधना गरिने वसन्तपञ्चमी पर्वमा केशोर र बयर मुख्य प्रसाद सामग्री बन्ने परम्पराले अहिले यी फसलका बजार जम्दै गएका हुन् ।



यसपालि आउने सोमबार यो पर्व परेको छ । मिथिलामा श्रीपञ्चमी पनि भनिने यो पर्वमा बस्तीबस्तीका शिक्षण संस्थामा विशेष उत्सवका रूपमा सरस्वती पूजनोत्सवको अनुष्ठान आयोजना गरिने परम्परा छ । कतिपय घरघरमा पनि वसन्तोत्सव मनाइने परम्पराले यो पर्वविशेषमा केशोर र बयरको माग हुनेहुँदा अहिले यी फसलका उत्पादक किसानलाई भ्याइ नभ्याइ परेको हो ।
महोत्तरीमा उत्तरी क्षेत्रका बर्दिबास, गौशाला, औरही र भङ्गाहा नगरपालिका क्षेत्रमा केशोरको व्यावसायिक खेती गरिँदै आइएको छ । बालुमिश्रित खुकुलो माटोमा केशोरखेती फस्टाउने हुँदा जिल्लाका उत्तरी क्षेत्र यो खेतीको उर्वर ठाउँ हो । केशोर खनिएको सात–आठ दिनसम्म ताजै रहने हुँदा यो खेतीका किसानलाई पर्वको एक साता पहिलेदेखि नै खन्ने, धुने र बजार पुर्याउने तल्लिनताले छोप्छ ।
महोत्तरीको केशोर जिल्ला बाहिरका बजारमा लगिने हुँदा अहिले व्यापारी किसानका खेतखेतमै पुगेर पनि लिने गरेका छन् । गुलियो स्वादमा अत्यन्त रसिलो हुने यो फल स्वास्थ्यवद्र्धक मानिन्छ । माघ नै यसको फसल लिने समय भएका हुँदा सरस्वती पूजनोत्सवमा मौसमी फलका रूपमा यसको प्रयोग परम्परा बसेको हुनसक्ने पाका मैथिल बताउँछन् । 'केशोर माघमै उत्पादन लिइने फसल र वसन्तपञ्चमी पनि यसै महिनामा पर्नेहुँदा यो पर्वमा मौसमी फलका रूपमा प्रयोग गरिने परम्परा चलेको हुनपर्छ', मैथिल परम्पराका ज्ञाता गौशाला–११ का ७५ वर्षीय लक्ष्मीप्रसाद महतो भन्छन् ।
यहाँका किसानले केशोर नजिकका ढल्केबर, लालबन्दी र बर्दिबाससहितका कृषि थोकबजारमा पुर्याउँछन् । अहिले खुद्रामा प्रतिकिलोग्राम ५० रुपैयाँसम्म बिक्ने केशोर सप्रिदा प्रतिकठ्ठा २० मन (४० किलोको एक मन हुन्छ)सम्म फल्ने हुँदा यो नगदेखेतीका रूपमा लगाइने गरिएको बर्दिबास–७ मनहरिपुरका ७० वर्षीय किसान विन्देश्वर यादव बताउँछन् । रोपिएको एक सय दिनभित्रै उत्पादन लिन सकिने यो खेती नगद जोहोको मुख्य फसल भएको यादवको भनाइ छ । जिल्लामा केशोरको व्यावसायिक खेती लगभग एक हजार हेक्टरमाथि हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लामा केशोरको व्यावसायिक खेती हुँदै आए पनि माघमै पाक्ने बयरको भने खेती हुनसकेको छैन । जिल्लामा बयर बाक्लै फस्टाउन सक्ने माटो भए पनि यो खेतीमा किसान लागेका देखिँदैनन् । तर खेतबारी र पाखामा बाक्लै भेटिने स्थानीय जातका बयर श्रीपञ्चमी नजिकिएपछि किसानले टिपेर बजार पुर्याउने गरेका छन् । पर्वमा बयरको प्रयोग परम्परा रहेको र यहाँ उत्पादित बयरले माग धान्न नसकेपछि अहिले यहाँका बजारमा उन्नत जातका ठुल्ठूला बयर फल भारतबाट आउने गरेका पाइएको कृषि ज्ञान केन्द्रका बाली विकास अधिकृत राजकिशोर यादव बताउँछन् । यहाँको माटोमा बयर फस्टाउने हुँदा किसानले उत्साह देखाए उन्नत जातका बयरका बिरूवा ल्याउन सकिने यादवको भनाइ छ । रासस

# २० वर्षपछि फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले लागूऔषध चरेश मुद्दामा १ जना फरार प्रतिवादीलाई २० बषपछि पक्राउ गरेको छ ।
वीरगंज महागरपालिका वडा नम्बर १६ नगवा बस्ने ४१ वर्षीय चन्दन कुमार रौनियारलाई नियन्त्रणमा लिएको हो । विशेष सूचनाको आधारमा प्रहरीले उनलाई वीरगंज महानगरपालिका वडा नं.१६ नगवाबाट निण्न्त्रणमा लिन सफल भएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी प्रवक्ता एवम् सूचना अधिकारी सभास भट्टले बताए । २०६१ सालमा पर्सा जिल्ला अदालतले रौनियरालाई लागू औषध चरेश मुद्दामा २ वर्ष ७ महिना कैद र १० हजार रुपैयाँ जरिबानाको फैसला सुनाएको थियो । यसैगरी पर्सा जिल्ला अदालतबाट विभिन्न मिति र समयमा भएको फैसला कार्यान्वयन गर्ने सिलसिलामा यस कार्यालय तथा मातहत समेतबाट कैद असुल तथा फैसला कार्यान्वयन बिशेष टोलीले १२ जना फरार प्रतिवादीहरूलाई पक्राउ गरी पर्सा जिल्ला अदालतमा बुझाइएको डिएसपी भट्टले बताए ।

# ऊर्जा दक्षता कार्यक्रमको संशोधित कार्यान्वयन सम्झौतामा हस्ताक्षर

**ललितपुर ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यको उपस्थितिमा 'ऊर्जा दक्षता परियोजना'सम्बन्धी संशोधित कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएको छ । शुक्रबार ललितपुरमा आयोजित समारोहमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र जर्मन प्राविधिक सहयोग संस्था (जिआइजेड) को नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रमबीच नेपालमा दिगो ऊर्जामार्फत पुनःप्राप्ति एवं सशक्तिकरण कार्यक्रमको दोस्रो संशोधित कार्यान्वयन सम्झौतामा हस्ताक्षर भएको हो ।
सम्झौतापत्रमा ऊर्जा मन्त्रालयका सहसचिव जीवच्छ मण्डल, जिआइजेडका नेपाल देशीय प्रतिनिधि पाउलिना क्याम्पोस मोन्ट्रेस र कार्यक्रम व्यवस्थापक डा फ्र्याङक फेचरले हस्ताक्षर गर्नुभएको हो । हस्ताक्षर समारोहमा नेपालका लागि युरोपियन युनियनका प्रतिनिधि जोसे लुइस विनुएसा–सान्तामारिया, जर्मन दूतावासका उपप्रमुख बेन्जामिन साइडललगायत विशिष्ट व्यक्तित्वहरूको उपस्थिति थियो ।
जर्मन सरकारको छ मिलियन सहयोगमा सञ्चालन हुने उक्त परियोजनाले नेपालको नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतामा सङ्घीय, प्रदेश र स्थानीय सरकारको क्षमता अभिवृद्धि एवं प्राविधिक सम्भाव्यता अध्ययनमा सहयोग गर्ने सम्झौता भएको मन्त्रालयका सचिव आचार्यले जानकारी दिए । परियोजनामार्फत नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतामा निजी क्षेत्रलाई सक्षम बनाउन वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराउनुका साथै बुटवल, पोखरा, भैरहवा क्षेत्रमा जलवायुमैत्री प्रविधिको प्रयोग गरी विद्युत् खपत बढाउन आवश्यक नीतिगत एवं प्रविधिको प्रवद्र्धनमा सहयोग गर्ने उनले बताए । उनका अनुसार परियोजनाको अवधि तीन वर्ष रहने छ । मन्त्रालयका सचिव आचार्यले परियोजनाले नेपालको ऊर्जा क्षेत्रमा विकासको नयाँ मार्गचित्र तय भएको बताए । उनले सरकारले अबको १० वर्षपछि अर्थात् सन् २०३५ सम्म कूल २८ हजार सात सय १३ मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको जानकारी गराउँदै यो तीन वर्षे परियोजनाको सहयोगले उक्त लक्ष्य पूरा गर्न महत्वपूर्ण सहयोग पु¥याउने विश्वास व्यक्त गरे । सचिव आचार्यले चालु संसद्बाट ऊर्जा विकाससम्बन्धी ऐन पारित हुने भन्दै सेप्टेम्बर २०२७ सम्म कार्यान्वयन हुने यो परियोजनाबाट उल्लेख्य रूपमा विद्युत् निर्यात गर्न सफल हुने जानकारी दिए । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन